‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

फेश्नो क्राफट नेपाल
मध्यपुर थिमि, भक्तपुर
सम्पर्क नं.: ९८१३५०५०६०
आवश्यकतासम्बन्धी सूचना
ऊनको टोपी, पन्जा, मोजा आदि बुन्न जान्ने दिदी-बहिनीहरूको आवश्यकता परेको हुँदा इच्छुक नेपालीले सम्पर्क गर्नुहोला ।
नोटः ग्रुप लिडरलाई विशेष प्राथमिकता

★ वर्ष : २८ ★ अङ्क : २२० ★ ने. सं. ११४६ गुँला गा, तृतीया ★ सोमबार ★ १५ भदौ, २०८३ ★ August 31, 2026, Monday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## “नेपालभाषा साहित्य तःमुंज्याले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा नेपाली जनतालाई शिक्षित र सचेत पार्दै आएको छ”



भक्तपुर, १४ भदौ । पीखुकगू नेपालभाषा साहित्य तःमुंज्या ग्वसाखलः कार्यालयको उद्घाटन नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले आइतबार एक कार्यक्रमबिच गर्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालभाषा साहित्य तःमुंज्याले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा नेपाली जनतालाई शिक्षित र सचेत पार्दै आएको हो; यसपालि यी विषयलगायत हिमपहिरो पीडित जनताको दुःख पीडाबारे तःमुंज्याको दबुमा प्रस्तुत हुनु उपयुक्त हुन्छ भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका अध्यक्ष एवम् बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेपालभाषा साहित्य तःमुंज्यालाई जनताले नै माथि उकास्नुपर्ने बताउँदै भाषा संरक्षणसँगै समाजलाई जागरुक बनाउने काममा पनि तःमुंज्याले भूमिका खेल्दै आएको बताउनुभयो ।

उहाँले पहाडी क्षेत्रमा विपद्को जोखिमलाई ध्यानमा राख्दै भ्युटावर निर्माणभन्दा सम्भावित विपद्को पूर्वसूचना दिन साइरनलगायतका व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो । देश अहिले पीडामा रहेको उल्लेख गर्दै उहाँले देशको वर्तमान अवस्था र जनताको समस्यालाई साहित्यमा समेट्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “साहित्य अभिलेख हो, साहित्य इतिहास बन्छ, त्यसैले देशका समस्याका विषयमा साहित्य लेखिनुपर्छ ।”

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले साहित्यभित्र पनि वर्ग हुने भएकोले आफूहरूले लेख्ने साहित्यले कामदारवर्गको बोली बोल्नुपर्ने धारणा राख्नुभयो । उहाँले नेपाली भाषाका सामग्री नेपालभाषामा अनुवाद गर्दा शब्दशः अनुवाद मात्र पर्याप्त नहुने भन्दै भाषाको मर्म र भावलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य तःमुंज्याका सल्लाहकार तथा जनकवि चन्द्रबहादुर उलकले दबाइराखिएको जनताको भाषा तथा मातृभाषालाई माथि उकास्न नेपालभाषा साहित्य तःमुंज्याको जन्म भएको बताउनुभयो ।

उहाँले साहित्य लेखनसँगै नेपालभाषा र विभिन्न लिपि सिकाउने अभ्यासलाई पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो ।

पीडाकगू नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष रवीन्द्र खर्बुजाले तःमुंज्या सबैको साझा कार्यक्रम भएको बताउँदै यसलाई सफल बनाउन ग्वसाखलका सबैको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभयो । उहाँले तःमुंज्यालाई सामूहिक सहभागिताबाट सफल बनाउने अभ्यास विगतदेखि नै चल्दै आएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा पीखुकगू नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष उकेश कवांले नेपालभाषा साहित्य तःमुंज्या कामदारवर्गको आवाज बोल्ने क्षेत्र भएको बताउँदै विभिन्न समितिहरूको सक्रियताले तःमुंज्या भव्यरूपमा सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ २ मा

## वैकल्पिक मार्गबाट पेट्रोलियम पदार्थ आपूर्ति गरिने

काठमाडौँ, १४ भदौ । त्रिशुली नदीमा आएको बाढीका कारण धादिङको बेनीघाट रोराङ गाउँपालिका-७ अन्तर्गत पृथ्वी राजमार्गको कृष्णभीर सडकखण्डमा कटान भई आवागमन अवरुद्ध भएपछि नेपाल आयल निगमले काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा एलपी ग्यास आपूर्तिका लागि वैकल्पिक व्यवस्था मिलाएको छ ।

सडक अवरुद्ध हुँदा ग्यास ढुवानीमा असुविधा हुन सक्ने भएकोले एलपी ग्यास उद्योगीहरूसँग छलफल गरी वैकल्पिक आपूर्ति व्यवस्था गरिएको निगमद्वारा आज जारी विज्ञप्तिमा जनाइएको छ ।

त्यसअनुसार बारा, पर्सा, चितवन, मकवानपुर, नवलपरासी तथा अन्य जिल्लामा रहेका ग्यास उद्योगहरूले आफूलाई पायक पर्ने अन्य ग्यास उद्योगसँग समन्वय गरी आफ्ना खाली बुलेट खुलाइ सिलिन्डर रिफिल गर्ने व्यवस्था मिलाउने छन् । कृष्णभीरको बाटो नखुलेसम्म ट्रकमा एलपी ग्यासका सिलिन्डर राखी वैकल्पिक मार्गबाट काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा आपूर्ति गरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको निगमले जनाएको छ ।

त्यसैगरी पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिका लागि ट्याङ्कर तथा ट्रकलाई स्थानीय प्रशासनसँगको समन्वयमा वैकल्पिक मार्गबाट काठमाडौँसम्म ल्याई आपूर्ति सहज बनाउने व्यवस्था गरिएको निगमले जनाएको छ । निगमले बाढी तथा सडक अवरोधका कारण पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्तिमा समस्या नहोस् भन्ने उद्देश्यले वैकल्पिक मार्गबाट आपूर्ति व्यवस्थालाई निरन्तरता दिने जनाएको छ ।

यसैबिच पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक अवरुद्ध भएपछि मकवानपुर हुँदै काठमाडौँ जाने तथा आउने सवारीसाधनको चाप बढेको छ ।

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

● भदौ १० गतेको विनाशकारी भेलबाढीपछि शव र मरेका पशुचौपायाबाट महामारीजन्य रोग फैलिने जोखिम बढेको सार्वजनिक भयो । मरेका हजारौँ पशुचौपाया सडेर गनाउन थालिसक्दा पनि बन्दोबस्त नभइरहेको बाहिरियो । प्रभावित क्षेत्रमा कुनै सरुवा रोग देखिए सयौँको सङ्ख्यामा सामूहिकरूपमा बसिरहेका मानिसमा महामारी फैलिन सक्छ । सरकारले सम्भव भएका ठाउँमा औषधि छर्किन सुरू गरेको दाबी गरे पनि स्थानीयले अनुभूति गर्न पाएका छैनन् । सरकारले असम्भव भन्नु के गैरसरकारी संस्थालाई सम्भव हुने हो र ?

● वरिष्ठ सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले प्रभावित क्षेत्रमा सामूहिकरूपमा बसेका भेलबाढी पीडित जनताको एकै ठाउँमा बसाइँ र खानपिन हुने, लामखुट्टे वा भुसुनाको टोकाइमा पर्ने हुँदा एक अर्कामा रोग फैलिन सक्ने बताएको सार्वजनिक भयो । यस्तो ठाउँमा महामारीजन्य रोग फैलिने हुँदा राहत र खानेकुरा वितरणमा निकै सावधानी अपनाउनु पर्ने डा. पुनको दाबी छ । ७२४ शव भेटिँदा २२ को मात्रै सनाखत भएको र बाँकी ‘एअर टाइट ब्याग’ मा राखेर जमिनमुनि व्यवस्थापन गरिएको कति सुरक्षित र भरपर्दो होला ?

बाँकी पृष्ठ २ मा

व्यङ्ग्यचित्र कुनो




## बाँकेमा नेमकिपाको तीनदिने प्रशिक्षण
## वैचारिक, सैद्धान्तिक र व्यावहारिक ज्ञानमा जोड

बाँके, १४ भदौ । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति बाँकेको आयोजनामा सञ्चालित तीनदिने प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम विभिन्न रचनात्मक सत्रसहित सम्पन्न भयो । पार्टीविरुद्ध पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र र भक्तपुर काण्ड (२०४५ भदौ ९ को कालो दिवस) को विरोध तथा भर्त्सना गर्दै सुरु भएको सो कार्यक्रममा पहिलो दिन उद्घाटनसहित समसामयिक राजनीतिक विषयमा चर्चा भयो भने दोस्रो र तेस्रो दिन विभिन्न विषयगत प्रशिक्षण तथा कार्यकर्ताबिच अन्तरक्रिया भयो ।

भदौ १२ गते पार्टी अध्यक्ष सर्प कामी शेरबहादुरको सभापतित्वमा भएको सो कार्यक्रममा लुम्बिनी प्रदेश समितिका संयोजक हरिसुन्दर वासीले वर्तमान समसामयिक राजनीतिक परिस्थितिमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको पहिलो दिन नेमकिपा केन्द्रीय सदस्य बखतबहादुर थापा र बर्दिया जिल्ला अध्यक्ष हरिलाल न्यौपानेले भक्तपुर काण्डको ऐतिहासिक पृष्ठभूमिबारे बताउनुभयो ।

पार्टी जिल्ला समिति सचिव धनबहादुर सिजापतिले सञ्चालन गर्नुभएको सो उद्घाटन सत्रमा कोहलपुर नगर समिति सदस्य जर्मकन्या रोकायाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको दोस्रो दिन भदौ १३ गते आयोजित प्रशिक्षण सत्रमा अतिथि हरि सुन्दरवासीले अध्ययन र प्रशिक्षण कक्षाहरूले कार्यकर्ताहरूको सैद्धान्तिक स्तर उकास्न ठुलो मद्दत गर्ने हुँदा यसमा निरन्तर लागिरहनुपर्ने कुरामा जोड दिनुभयो । हाल देशमा देखिएको प्राकृतिक प्रकोप र त्यसपछि उब्जिएका विभिन्न प्रश्न तथा झूटा आरोपहरूको उहाँले खण्डन गर्नुभयो ।

सोही अवसरमा केन्द्रीय सदस्य बखतबहादुर थापाले ‘नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको खण्डन’ पुस्तकको प्रशिक्षण दिँदै उक्त पुस्तकले भारतीय विस्तारवाद, तत्कालीन सोभियत सङ्घ र नेपालको राजतन्त्रलाई हेर्ने स्पष्ट दृष्टिकोण प्रदान गरेको धारणा व्यक्त गर्नुभयो ।

प्रशिक्षणका क्रममा पार्टीका पूर्वजिल्ला अध्यक्ष तथा अधिवक्ता नरहरिनाथ योगीले संविधानमा भएका ४७

बाँकी पृष्ठ २ मा

# सांस्कृतिक र राजनीतिक जात्रा गाईजात्रा

- सिम्रिक

गाईजात्रा नेपालको एक प्रसिद्ध मौलिक सांस्कृतिक पर्व हो । यसमा मान्छे बितेका परिवारले दिवङ्गत व्यक्तिको सम्झनामा गाईको प्रतीक बाँसको ताहा साँ, डोको त्यस्तै गाई, बच्चा बच्चीलाई महादेव पार्वती, माटो ढुङ्गाको गाई, साँढे आदि बनाएर सिँगारी सहर घुमाउने गरिन्छ । भक्तपुरको गाईजात्रामा संस्कृति र परम्पराअनुसार सांस्कृतिक पोसाक, गरगहनाहरू लगाएर बाजाको तालमा 'घिताङधिसी त्वं' भन्दै लठी जुधाएर नाच्ने गरिन्छ । कुनै कुनै परिवारले गाईजात्रामा भैरव, देवी, जङ्गली, हनुमान, लाखे, बाँदर आदि नाच पनि घुमाउने गरिन्छ । जीवनको संस्कार, पद्धतिसँग सम्बन्धित व्रतबन्ध, विवाह, जंको (भीमरथारोहन) आदि पनि ल्याउने गरिन्छ । हाम्रो प्रकृति, संस्कृति र संस्कारअनुसार हुने हुँदा बाजाको सुर-तालमा पोसाक गरगहना लगाएर नाच्ने हुँदा बच्चा बच्चीदेखि युवा युवती, बुढाबुढी सबैले मन पराउँछन् । आज भोलि सञ्चार माध्यमबाट विश्वका जनताले पनि हेरेर रमाउँछन् । त्यसैले गाईजात्रालाई अझ राम्रोसँग सभ्य तरिकाले प्रदर्शन गर्नु आवश्यक छ । यो देशको संस्कृति हो ।

आज भोलि गाईजात्रामा विकृति पनि बढ्दै छ । यसलाई बेलैमा रोक्नु आवश्यक छ । गाईजात्राको टोलीमा सहभागी हुने युवा युवतीहरू जाँड रक्सी, बियरमा लठिने, उनीहरूलाई न सुरको मतलब छ न त तालको नै मतलब छ । न त पोसाकको नै मतलब छ ।

यो गाईजात्रा जनतालाई मनोरञ्जन दिनुको साथै राजनीतिक चेतना दिने जात्रा पनि हो । यो अवसरलाई उपयोग गरेर जनता, विभिन्न सङ्घ, संस्थाले देशमा मौलाइरहेको विकृति विसङ्गति, राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा भइरहेको थिचोमिचो, आक्रमण, अन्याय, अत्याचारको विरोधमा व्यङ्ग्य गरेर जनतालाई राजनीतिक चेतना दिने, सचेत पार्ने काम गर्दै आएको छ । यस्तो काम भक्तपुरको गाईजात्रामा हुँदै आएको छ । यसलाई काठमाडौँ, ललितपुर, कीर्तिपुर, बनेपा, धुलिखेल, पनौती, पोखरा, धरान, विराटनगर आदि विभिन्न ठाउँमा अनुशरण गरेर जनताले प्रदर्शन गर्दै छन् ।

गत वर्ष फासीवादी इजरायलले ८०/९० हजार प्यालेस्टिनी जनताको जातीय नरसंहार गरेको थियो । युक्रेनको काँधमा बन्दुक अड्याएर अमेरिकालगायत पश्चिमा देशहरूले रुसमाथि आक्रमण गरिरहेका छन् । भेनेजुयाली राष्ट्रपति मोदुरो दम्पतीको डकैती शैलीमा अपहरण गरेर अमेरिकामा बन्दी बनाएको, क्युवालगायतका ल्याटिन अमेरिका, अफ्रिकी देशहरूमा नाकाबन्दी, धम्की, आक्रमणको विरोधमा व्यङ्ग्य र विरोध गरेर जनतालाई चेतना दिने काम गर्दै आएको सबैले देखेकै कुरा हुन् ।



अमेरिकी साम्राज्यवादले यहाँका डलरमा बिकेका कठपुतली, दलाल देशघाती दल, नेता, कर्मचारीहरूलाई हातमा लिएर देशघाती एमसीसी लादिसकेको छ । यसमा माओवादी एमालेलगायतका देशका नेताहरूले देशघाती एमसीसी सम्झौता पास गरे ।

गत भदौ २३ र २४ गते बारबरा फाउन्डेसन, नेपाली युथ फाउन्डेसनजस्ता एनजीओ, आइएनजीओमार्फत पालित पोषित देशघातीहरूले देशमा उपद्रो गरे । त्यो उपद्रोमा सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन, राष्ट्रपति कार्यालय आदिमा तोडफोड र आगजनी गरेर ध्वस्त भयो । यो देशभक्त नेपाली युवा, विद्यार्थीहरूले गर्नै सक्दैनन् । यसको पछाडि अमेरिका र भारतको हात भएको कुरा बाहिर आएको छ । देशभरका प्रहरी कार्यालय र चौकीमा आक्रमण गर्ने, आगजनी गर्ने र हतियार लुट्ने काम भयो । नेपाली सेना सचेत र सतर्क हुनु आवश्यक छ । यो नेपाली जनताको देशको भरपर्दो, विश्वासिलो सुरक्षा निकाय हो ।

पुलिस चौकीमा लुटिएको हतियार काठमाडौँ उपत्यका वरपरको गुम्बामा पुग्यो भन्ने हल्ला बाहिर आयो । ती गुम्बाहरूमा कहाँबाट कति कति पैसा आउँछ, के-कस्तो सामान आउँछ सरकार बेखबर छ । कतै भोलि अमेरिका र दलाई लामाको निर्देशनमा ती गुम्बाका भिक्षुहरू नेपाल र नेपालीको विरोधमा मुछ्ने त होइनन् ? त्यसबेला नेपालको अवस्था वा स्थिति के होला भन्ने अनुमान लगाउनु अस्वाभाविक होइन ।

भारतले सुस्तालगायत ७०-८० ठाउँमा नेपाली भूमि मिचेको छ । नेपाली भूमि डुबानमा पर्ने गरी भारततिर बाँध तथा तटबन्ध भारतले बनाएको छ । त्यसमा नेपाली जनताको विरोध भयो । उनीहरूले यहाँका दल र दलका विभीषणहरूलाई हातमा लिएर शान्ति, स्थिरता र विकास हुन दिएका छैनन्, स्वतन्त्र हुन दिएका छैनन् । उनीहरूले यहाँका दल र दलका नेताहरूलाई थर्काने, बजार्ने, एक आपसमा फुटाउने, जुटाउने र भिडाउने काम गर्दै आएका छन् । देशमा नेताहरूलाई स्वतन्त्र भएर कहिले पनि उठ्न दिएको छैन ।

जननिर्वाचित सरकारका प्रधानमन्त्री खड्गप्रसाद ओली, राष्ट्रपति रामचन्द्र पौडेललाई तर्साएर सेनाले बलजफ्ती राजीनामा गराउनु, नेपाली जनताको भावना, मत बोकेको देशको संविधानलाई अपहरण गर्नु हो । त्यसमा दुईतिहाइ भएको देशकै दसौँ, बीसौँ लाख सङ्गठित नेता, कार्यकर्ता, समर्थकहरू भएको नेपाली काङ्ग्रेस, एमाले झुक्नु, प्रतिरोध गर्न नसक्नु आत्मसमर्पण हो ।

अमेरिकाले खाडीको तेल भण्डारमा एकछत्र कायम गर्न हिजो इराकका सद्दाम हुसेनलाई सिध्याएजस्तो इरानमाथि पनि आक्रमण गऱ्यो । इरान, इराक होइन भन्ने कुरा इरानले अमेरिकालाई पाठ सिकाउँदै छ । इरानले इराकबाट पक्कै पनि पाठ सिकेर उनीहरू अमेरिकी आक्रमणविरुद्ध प्रत्याक्रमणमा उत्रेका छन् । यसमा अमेरिका पछि हट्न बाध्य हुँदै छ । यहाँ पनि इरान र इरानी जनता अमेरिकाको लागि अर्को भियतनाम हुँदै छन् । इरानमाथिको यो अमेरिकी आक्रमणको पनि गाईजात्रामा विरोध गर्ला ।

देशमा भएको सहकारी ठगी, पासपोर्ट काण्ड, भ्रष्टाचार, लुट, मिटरब्याजबाट, पीडित मलको अभाव, वैदेशिक रोजगारी, ठगी, रोजगार र पढाइको नाममा देश विकास, निर्माणको लागि चाहिने युवा जनशक्तिलाई विदेशमा आधुनिक दास बन्न बाध्य पारेको आदिको विरोध गाईजात्रामा गर्नु आवश्यक छ । त्यस्तै, विकसित र पुँजीवादी देशको नक्कल गरेर घोषणा गरेको आइतबार बिदाले देशको शिक्षा र स्वास्थ्य क्षेत्रमा ठुलो समस्या ल्याएको छ । अझै पनि नेपालका बहुमत जनता उनीहरूको विरुद्धमा छन् । बिदाले गर्दा बहुमत जनताका छोराछोरीहरू पढ्न र सुलभ स्वास्थ्य सेवा पाउनबाट वञ्चित छन् । यसले सामुदायिक विद्यालयका शिक्षक र विद्यार्थीहरूलाई बिगार्ने निश्चित छ । यो गरिब जनताका छोराछोरीहरूलाई सस्तो ज्यामी, गोरु र गधा बनाउने चाल नै हो । यी गरिब जनताका छोराछोरीहरू पढे, लेखेर भोलि शासक बन्ला भन्ने पीर उनीहरूलाई पर्नु वर्ग चरित्र नै भयो । यसलाई पनि गाईजात्रामार्फत उदाङ्ग्याउनु आवश्यक छ ।

यसरी भक्तपुरले गाईजात्रामार्फत देश र विदेशमा भएका अन्याय, अत्याचारको विरोध गरेर जनतालाई सचेत पार्दै आएको तथा गाईजात्रालाई संस्कार र संस्कृतिअनुसार अझ सभ्य र भव्य गर्न प्रयत्न गर्दै आएको घामजतिकै छर्लङ्ग छ ।

# कम्पनी दर्ता तथा अनलाइन अध्यावधिकसम्बन्धी अभिमुखीकरण कार्यक्रम




भक्तपुर, १४ भदौ । कानुन अध्ययन समाज नेपालको वाणिज्य कानुन समितिको आयोजनामा कम्पनी दर्ता तथा अनलाइन अध्यावधिकसम्बन्धी अभिमुखीकरण कार्यक्रम आइतबार देकोचा, भक्तपुरमा सम्पन्न भयो ।

कार्यक्रममा कानुन अध्ययन समाज नेपालका अध्यक्ष रामप्रसाद प्रजापतिले सहभागी कानुन व्यवसायीहरूलाई प्रमाणपत्र तथा प्रशिक्षकहरूलाई धन्यवादपत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा प्रशिक्षकको रूपमा रहनुभएका अधिवक्ता राजाराम दुवाल र अधिवक्ता गम्भीरमान ज्वाखले कम्पनी दर्ता प्रक्रिया, अनलाइन अध्यावधिक प्रणाली सोसम्बन्धी सैद्धान्तिक र व्यावहारिक पक्षहरूबारे अभिमुखीकरण प्रदान गर्नुभयो ।

कार्यक्रमको सभापतित्व अधिवक्ता निरोज बैद्यले गर्नुभएको थियो भने अधिवक्ता सुनिल प्रजापतिले पनि बोल्नुभएको थियो ।

कानुन अध्ययन समाज नेपालले यस प्रकारका व्यावसायिक तथा व्यावहारिक अभिमुखीकरण कार्यक्रम नियमित रूपमा सञ्चालन गर्दै जाने जनाएको छ ।

# उपल्लो मुस्ताङमा हिमतालको जोखिम अनुगमन समस्या नरहेको जानकारहरूको भनाइ

मुस्ताङ,१४ भदौ । उपल्लो मुस्ताङका उच्च हिमाली क्षेत्रमा सम्भावित हिमताल तथा बाढीको जोखिमबारे स्थलगत र ड्रोनमार्फत अनुगमन सुरु गरिएको छ । हालसम्म अनुगमन गरिएका क्षेत्रमा तत्काल कुनै सम्भावित जोखिमको सङ्केत नदेखिएको अधिकारीहरूले बताएका छन् ।

भोटेकोसी बाढीपछि उपल्लो मुस्ताङमा पनि उच्च हिमाली क्षेत्रको विपद् जोखिम पहिचान तथा पूर्वतयारीलाई तीव्रता दिइएको हो । जिल्ला प्रशासन कार्यालय मुस्ताङको समन्वयमा सशस्त्र प्रहरी बल नेपालअन्तर्गत बीओपी नेचुङ, नेपाल प्रहरी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङ तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिको संयुक्त टोलीले कालीगण्डकी नदी प्रणालीका मुहान तथा उच्च पर्वतीय क्षेत्रको अनुगमन गरिरहेको छ ।

एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलका अनुसार पहिलो चरणमा नेपाल-चीन सीमास्थित १८ र १९ नम्बर सीमास्तम्भ नजिक कालीगण्डकी नदी प्रणालीका दुई मुहानको स्थलगत तथा ड्रोनमार्फत निरीक्षण गरिएको थियो । ती क्षेत्रमा हिमपातको अवस्था तथा सम्भावित जोखिमको मूल्याङ्कन गरिएको र हाल जोखिम नदेखिएको उहाँले जानकारी दिनुभयो ।

अनुगमनको दोस्रो चरणमा लोमान्थाङ माथिको उच्च पर्वतीय क्षेत्रमा रहेको घ्याकरछु तालको निरीक्षण गरिएको छ ।

समुद्रसतहबाट करिब पाँच हजार पाँच सय ५० मिटरको उचाइमा रहेको उक्त क्षेत्रमा ड्रोनमार्फत गरिएको निरीक्षणका क्रममा हिमनदीका ढिस्काहरू देखिए पनि तत्काल कुनै जोखिमको सङ्केत नदेखिएको पौडेलले बताउनुभयो ।

अब लोमान्थाङको चुमजुङमाथि रहेको छुआमा पिकको शिर तथा लोघेकर दामोदरकुण्ड-१ चराङमाथिको पर्वतीय क्षेत्रको कालीगण्डकी नदी प्रणालीको अनुगमन गर्ने योजना रहेको उहाँले बताउनुभयो । ती क्षेत्रमा हिमताल रहेको जिपीएसबाट देखिएकाले स्थलगत निरीक्षण गर्न लागिएको उहाँले भनाइ छ ।

गत वर्ष लोमान्थाङको चुमजुङमाथि छुआमा पिकबाट कालीगण्डकी नदी प्रणालीमा लेदोसहितको बाढी आएपछि स्थानीय क्षेत्रमा जोखिम बढेको थियो । उच्च हिमाली क्षेत्रमा हिमताल फुट्ने, हिमपहिरो जाने वा बाढी आउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदीका मुहान तथा संवेदनशील क्षेत्रको नियमित अनुगमनलाई निरन्तरता दिइने एक्यापले जनाएको छ ।

विपद्को सम्भावित जोखिम पहिचान, प्रारम्भिक चेतावनी तथा प्रभावकारी प्रतिकार्यका लागि उच्च हिमाली क्षेत्रमा नियमित अनुगमन र विपद् पूर्वतयारीलाई सुदृढ बनाइने भएको छ । *(रासस)*

# भोटेकोसी बाढी: २६१ पर्यटकको उद्धार, ३२० अझै सम्पर्कविहीन

काठमाडौँ, १४ भदौ । रसुवाको भोटेकोसीमा गएको बाढीमा परेर हराएका विभिन्न देशका पर्यटकमध्ये २६१ जनाको उद्धार गरिएको छ ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार बुधबार बिहान भोटेकोसीमा गएको बाढीमा परेर सम्पर्कविहीन भएकामध्ये शनिबार साँझसम्म २६१ विदेशी पर्यटकको उद्धार गरिएको हो ।

बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएर हराएमध्ये १६ देशका २६१ पर्यटकको उद्धार गरिएको राससलाई जानकारी दिनुभयो । उद्धार गरिएका पर्यटकमध्ये भारतका १६७, चीनका ४०, बेल्जियमका एक, बुल्गेरियाका एक, जर्मनीका चार, इटालीका तीन, माल्टाका चार, ओमानका एक, पोर्चुगलका एक, रसियाका दुई, स्पेनका दुई, स्वीजरल्यान्डका दुई, टर्कीका दुई, युक्रेनका आठ र अमेरिकाका तीन जना रहेका छन् ।

यस्तै, देश र परिचय नखुलेका २१ पर्यटकको उद्धार गरिएको बोर्डले जनाएको छ । बाढीमा परेर अझै ३२० पर्यटक सम्पर्कविहीन भएको नेपाल पर्यटन बोर्डले जनाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र अन्य पर्यटन सरोकारवालाले प्रभावित क्षेत्रमा रहेका पर्यटकको खोजी र उद्धारकार्यलाई तीव्रता दिएका छन् । घाइते र अलपत्र परेकालाई सुरक्षित स्थानमा ल्याउन सबै आवश्यक प्रयास भइरहेको बोर्डले जनाएको छ ।

नेपाल पर्यटन बोर्डले 'पर्यटकको सुरक्षा हाम्रो पहिलो प्राथमिकता हो' भन्दै सबैलाई धैर्य र सतर्क रहन आह्वान गरेको छ । नेपाल पर्यटन बोर्डले कुनै पनि जानकारी वा सहयोगका लागि टोल फ्री नम्बर १२३४, हटलाइन नम्बर ११४४ र पर्यटन प्रहरी ९८५१२८९४४५ मा सम्पर्क गर्न आग्रह गरेको छ । *(रासस)*

*नेपालभाषा...*

कार्यक्रममा पीखुकगू नेपालभाषा साहित्य त:मुंज्याका सचिव पुरुषोत्तम ग्वाछ्वाले नेपालभाषा साहित्य त:मुंज्या सबैको साझा कार्यक्रम भएकाले सबै मिलेर सफल बनाउनुपर्ने बताउनुभयो ।

पीखुकगू नेपालभाषा साहित्य त:मुंज्या आगामी कार्तिक ६ र ७ गते गोमारीमा आयोजना हुँदै छ । त:मुंज्यालाई सफल बनाउन विभिन्न समितिहरू गठन गरी तयारीलाई तीव्रता दिइएको आयोजक समितिले जनाएको छ ।

*बाँकेमा..*

वटा मौलिक हकहरूबारे जानकारी गराउनुभयो भने अतिथि तथा कुष्ठरोग विशेषज्ञ स्वास्थ्यकर्मी संगीता श्रेष्ठले स्वास्थ्य र सरसफाइसम्बन्धी महत्त्वपूर्ण प्रशिक्षण दिनुभयो ।

कार्यक्रममा पार्टीका विभिन्न तहका कार्यकर्ताहरूले आ-आफ्ना विषयमा गहन प्रशिक्षण तथा प्रस्तुति राख्नुभएको थियो । जिल्ला समिति सदस्य खड्गराज थापाले आदिम साम्यवाद, भूमि महताराले पुँजीवादी समाज विकास, हिराबहादुर शाहीले मानव विकास, शेरबहादुर शाहीले दास समाज, सफल थापाले सामन्ती समाज, तुल्सी आचार्यले मजदुरवर्गको अवस्था र वर्गसङ्घर्ष, सुर्जा थापाले समाज विकासको एक झलक र दीपा बुढाले भक्तपुर काण्डका विषयमा आ-आफ्नो धारणा राख्नुभयो ।

त्यसैगरी, प्रकाश शाहीले सूचना र सञ्चार, नारायणी चौधरीले समाजवाद र सान्दर्भिक विषयवस्तु, वीरबहादुर चौधरीले आध्यात्मिकवाद र भौतिकवाद, रत्नबहादुर शाहीले विश्वका प्रमुख मजदुर आन्दोलनहरू तथा प्रकाश शाहीले चिनियाँ कम्युनका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

पार्टीका विभिन्न प्रकाशनहरूमाथि अन्तरक्रिया गरिएको यो तीनदिने प्रशिक्षण कार्यक्रमले नेमकिपाका अगुवा तथा कार्यकर्ताहरूमा वैचारिक स्पष्टता, सैद्धान्तिक दृढता र सङ्गठनात्मक सुदृढीकरणका लागि ठुलो ऊर्जा प्रदान गरेको छ ।

*देशको....*

● रसुवामा शनिबार साँझसम्म १२ ओटा र नुवाकोटमा ४७ ओटा शव फेला परेको सार्वजनिक भयो । दुवै ठाउँमा शव बन्दोबस्त गर्ने समस्या भइरहेको पनि बाहिरियो । मधेस प्रदेशका ११६ जना बेपत्तामध्ये १० जना सम्पर्कमा आएको सार्वजनिक भयो । उद्धारमा थप ३ हजार सुरक्षाकर्मीसहित कुल १८,७०८ जना खटिएको, १६ ओटा हेलिकप्टर परिचालन गरिएको, हवाईमार्गबाट ७,५१४ जनालाई उद्धार गरिएको, जलविद्युत् आयोजनामा फसेका २७९ जनाको उद्धार गरिएको सार्वजनिक भयो भने कतिपय अझै सुरूङमा फसिएको पनि सार्वजनिक भयो ।

## सङ्क्षिप्त समाचार

### त्रिशुली-३ 'बी' को आयोजनास्थलमा खोज तथा उद्धार सुरु

काठमाडौँ, १४ भदौ । भोटेकोसी बाढीबाट प्रभावित त्रिशुली-३ 'बी' जलविद्युत् आयोजनास्थलमा खोज तथा उद्धारमा नेपाली सेनासहितको प्राविधिक टोली परिचालन भएको छ ।

आयोजनाका प्रमुख, परामर्शदाता कम्पनीका प्रमुख तथा साइट इन्जिनियरसहित नेपाली सेनाको टोली घटनास्थलमा पुगेर काम सुरु गरेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीको सचिवालयले जनाएको छ ।

प्रतिकूल मौसम तथा चुनौतीपूर्ण भौगोलिक अवस्थाका कारण खोज तथा उद्धार गर्न जटिल भए पनि खोज टोली सचेत भएर काममा जुटेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

### पहिरोले पृथ्वी राजमार्ग अवरुद्ध

काठमाडौँ, १४ भदौ । धादिङको कृष्णभीरमा पहिरो खसेपछि पृथ्वी राजमार्ग अवरुद्ध भएको छ ।

काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका अनुसार त्रिशूली नदीले राजमार्गको भाग कटान हुँदा कृष्णभीर क्षेत्रमा पहिरो गएको र दुवैतर्फ सडक अवरुद्ध भएको हो । कार्यालयका प्रवक्ता नरेशराज सुवेदीले पहिरोका कारण पृथ्वीराजमार्ग अवरुद्ध भएपछि सोही राजमार्ग हुँदै सञ्चालन हुने सवारीसँधन काठमाडौँमा रोकिएको राससलाई जानकारी दिनुभयो ।

बाढीपहिरोका कारण रसुवासहित विभिन्न जिल्लाका मुख्य राजमार्ग तथा सडकखण्डमा यातायात सेवा प्रभावित भएको छ । काठमाडौँको नयाँबसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका महाप्रबन्धक पङ्कज मल्लले पृथ्वी राजमार्ग हुँदै सञ्चालनमा रहेका सवारीसँधन नयाँबसपार्कमै रोकिएका बताउनुभयो ।

लगातारको वर्षा, बाढी तथा पहिरोका कारण सडकमा जुनसुकै बेला अवरोध हुनसक्ने भएकाले यात्रा गर्नुअघि सडकको अवस्थाबारे जानकारी लिन र जोखिमयुक्त क्षेत्रमा सावधानी अपनाउन प्रहरीले आग्रह गरेको छ । ***(रासस)***

### भोटेकोसी बाढी: त्रिवि शिक्षण अस्पतालमा ५९ शव ल्याइयो

काठमाडौँ, १४ भदौ । भोटेकोसीको बाढीमा परेर ज्यान गुमाएकामध्ये ५९ जनाको शव त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज ल्याइएको छ ।

अस्पतालका प्रवक्ता डा. गोपाल सेढाईंले बाढीमा परेर ज्यान गएकामध्ये ५९ जनाको शव शिक्षण अस्पतालमा ल्याइएको जानकारी दिनुभयो । अस्पतालमा ल्याइएका ती शवमध्ये ३२ जनाको शवपरीक्षण भइसकेको र २७ जनाको शवपरीक्षण गर्न बाँकी रहेको प्रवक्ता डा. सेढाईंले बताउनुभयो ।

अस्पतालमा ल्याएका शवमध्ये आठ जनाको मात्र पहिचान भएको र बाँकी शव पहिचान हुन बाँकी रहेको अस्पतालले जनाएको छ । ***(रासस)***

## भोटेकोसी बाढी: मध्यबिन्दुका दुई वडाका १२ जना बेपत्ता

नवलपुर (नवलपरासी), १४ भदौ । गत बुधबार भोटेकोसी नदीमा गएको बाढीका कारण नवलपरासी ( बर्दघाट-सुस्तापूर्व) को मध्यबिन्दु नगरपालिकाका दुई वटा वडाका १२ जना नागरिक बेपत्ता भएका छन् । मध्यबिन्दु नगरपालिका वडा नम्बर १ र ५ मा घर भई रसुवागढीको टिमुरेमा निर्माणाधीन तेन्जिन शेर्पा हाइड्रोपावर विल्डिङ कन्स्ट्रक्सनमा कार्यरत १२ जना भदौ १० गतेदेखि बेपत्ता भएका नगरपालिकाले जनाएको छ ।

मध्यबिन्दुका नगरप्रमुख भीमलाल अधिकारीका अनुसार बेपत्ता नगरवासीको खोजी कार्य भइरहेको भए पनि हालसम्म सम्पर्क हुन सकेको छैन । मध्यबिन्दु-१ का तीन जना तथा मध्यबिन्दु-५ का नौ जना नगरवासी हराइरहेका उहाँले जानकारी दिनुभयो ।

नगरपालिकाका अन्य नागरिक हराइरहेका हुनसक्ने भन्दै पालिकाले नगरवासी आफन्तसँग जानकारी माग गरेको नगरप्रमुख अधिकारीले बताउनुभयो । अधिकारीका अनुसार मध्यबिन्दु-१ का हेमबहादुर चौधरी, हुसनबहादुर थारु र कालीराम महतो थारु टिमुरेबाट बेपत्ता हुनुभएको छ । मध्यबिन्दु-५ का जीवन विक, गङ्गाराम मुखिया, विशाल मुखिया, सीताराम महतो, युद्ध महतो उमेश, एकदेव महतो विजय, नुमनारायण महतो, केवलप्रसाद महतो, तेजबहादुर थारु बेपत्ता हुनुभएको उहाँले बताउनुभयो ।

नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै बेपत्ता नागरिकको तस्बिरसहितको जानकारी साझा गरिएको भन्दै अधिकारीले हराएका व्यक्ति कहीं कतै कसैको सम्पर्कमा आएमा वा फेला परेमा मध्यबिन्दु नगरपालिकाको सचिवालयको नं. ९८४७०७५९३२, ९८५७०४५१९० मा सम्पर्क गर्नुहुन अनुरोध गर्नुभयो ।

यसै क्षेत्रका सङ्घीय सांसद मनिष खनालले भोटेकोसीमा आएको बाढीका कारण मध्यबिन्दु-५, बाघखोर र मध्यबिन्दु-१ बाट कामको सिलसिलामा रसुवा पुग्नुभएका हाम्रा १२ जना नागरिक हालसम्म घट्टेखोला क्षेत्रबाट हराइरहनुभएको भन्दै खोजी कार्य भइरहेको बताउनुभयो ।

उहाँले मध्यबिन्दु नगरप्रमुख, उपप्रमुख, पूर्वप्रमुख तथा स्थानीय जनप्रतिनिधिहरूसँगै हराइरहनुभएका नागरिकका परिवारजनसँग प्रत्यक्ष भेटघाट गरी हराएका नागरिकको पछिल्लो पटक सम्पर्क भएको विषयमा कुराकानी गरेको बताउनुभयो । ***(रासस)***




चीनले नेपाललाई ५० टन बराबरको राहत सामग्री उपलब्ध गराएको छ । सो आपत्कालीन राहत सामग्री चिनियाँ जनमुक्ति सेनाको वायुसेवाका दुईवटा विमानले आज बिहान काठमाडौँ ल्याएका हुन् । बिहान करिब ७ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका विमानमा राहत सामग्रीसँगै चार जना चिनियाँ सुरुङ उद्धार विशेषज्ञ पनि आएका छन् । राहत सामग्री हस्तान्तरण कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङ, विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन थिए । चीनको छेङ्दुस्थित शुआङलिउ अन्तर्राष्ट्रिय विमानस्थलबाट उडेका दुवै विमान करिब ३ घण्टाको उडानपछि काठमाडौँ आइपुगेका हुन् ।

*तस्बिर : मजदुर दैनिक*

# भोटेकोसी बाढीपछिको उद्धार तथा राहतमा भारत–चीनसहित अन्तर्राष्ट्रिय समुदायको सहयोग

**- भीष्मराज ओझा**

काठमाडौँ, १४ भदौ । भोटेकोसी बाढी प्रभावित क्षेत्रमा जारी उद्धार तथा राहत कार्यमा नेपाललाई छिमेकी भारत र चीनसहित अन्तर्राष्ट्रिय समुदायले सहयोग गरिरहेका छन् ।

बाढीबाट जनधनको ठूलो क्षति भएपछि प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुन:स्थापनाका लागि भारत र चीनले सुरुआती दिनदेखि नै राहत सामग्री, सुरुङ उद्धार टोली तथा प्राविधिक जनशक्ति उपलब्ध गराएका छन् भने विभिन्न अन्तर्राष्ट्रिय संस्थाले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता जनाएका छन् ।

बाढीबाट तल्लो तटीय क्षेत्रमा रहेका आवासीय क्षेत्र, सडक, पुल तथा अन्य पूर्वाधारमा व्यापक क्षति पुगेको छ । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहित राज्यका विभिन्न निकाय उद्धार तथा राहत कार्यमा परिचालित छन् ।

भारतबाट ११ टन राहत सामग्री बोकेको चौथो चरणको उडान आइतबार बिहान काठमाडौँमा अवतरण गरेको छ । राहत सामग्रीमा खोज तथा उद्धारका लागि आवश्यक उपकरणसहितको सुरुङ उद्धार प्राविधिक टोली, डीएनए विश्लेषणका लागि फरेन्सिक विज्ञहरूको टोली तथा कम्बल, स्लीपिङ ब्याग, त्रिपाल, प्लास्टिक सिट र सरसफाइ किटलगायत सामग्री समावेश रहेको यहाँस्थित भारतीय दूतावासले जनाएको छ ।

स्थलगत निरीक्षण टोलीको मूल्याङ्कनका आधारमा विशेष उपकरणसहित १३ सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार टोली नेपाल आएको हो । उक्त टोलीले नेपाली विपद् प्रतिकार्य टोलीले सञ्चालन गरिरहेको खोज तथा उद्धार कार्यमा सहयोग गर्नेछ । मृतकका अवशेषको पहिचानका लागि डीएनए नमुना विश्लेषणमा सहयोग गर्न छ वटा फरेन्सिक टोलीका १९ सदस्यीय समूह पनि नेपाल आएको दूतावासले जनाएको छ ।

यसअघि भारतले शनिबारसम्म भारतीय वायुसेनाका विमानमार्फत नेपालमा करिब ५७ दशमलव ५ टन राहत सामग्री ढुवानी गरिसकेको छ । बाढी आएको बुधबार नै भारतीय वायुसेनाको विमानले अस्थायी आश्रयस्थल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती तथा औषधिलगायत १० टन आकस्मिक राहत सामग्री नेपाल ल्याएको थियो ।

त्यसको भोलिपल्ट बिहीबार भारत सरकारले पाल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती, पानी निकाल्ने पम्प, भान्साका सामग्री, जेनेरेटर सेट, औषधि तथा खाद्य सामग्रीसहित ३७ दशमलव ५ टन राहत सामग्री पठाएको थियो ।

त्यसपछि भारतले शुक्रबार पाँच सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार प्रारम्भिक निरीक्षण टोली र छ सदस्यीय चिकित्सा टोली पठाउनुका साथै पोर्टेबल जेनेरेटर सेट, डिग्निटी किट, खाद्य सामग्री, पानी शुद्धीकरणका ट्याब्लेट तथा औषधिसहित थप १० टन सामग्री पठाएको थियो ।

आज बिहान चीनको जनमुक्ति सेना वायुसेनाका दुई वटा ढुवानी विमान चीनद्वारा प्रदान गरिएको आपत्कालीन राहत सामग्री लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका छन् । चार जना चिनियाँ सुरुङ उद्धार विशेषज्ञ उद्धार उपकरणसहित विमानमा आएका छन् ।

दुवै ढुवानी विमानले चीनको छेन्दु शुआङ्लिउ अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेका थिए । करिब तीन घण्टाको उडानपछि काठमाडौँ आइपुगेका ती विमानले पाल, कम्बल, स्लीपिङ ब्याग, हार्डट्याक तथा प्राथमिक उपचार किटलगायत १३ हजार दुई सय थान आपत्कालीन राहत सामग्रीसहित ५० टन सामग्री ल्याएका छन् ।

भारत र चीनका सुरुङ उद्धार टोली भोटेकोसी बाढी प्रभावित क्षेत्रमा सुरुङमा फसेका व्यक्तिको उद्धारमा खटिएका छन् । प्रभावित क्षेत्रका कतिपय जलविद्युत् आयोजनाका सुरुङमा अझै कैयौँ व्यक्ति फसेका र नेपाली सुरक्षाकर्मीले उद्धार जारी राखेका बेला दुवै छिमेकी मुलुकका सुरुङ उद्धार टोली शनिबार नेपाल आइपुगेका थिए ।

पछिल्लो जानकारीअनुसार प्रभावित क्षेत्रबाट शनिबार साँझसम्म सात हजार ५१४ जनालाई हवाई तथा स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याइएको छ । जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फसेका २७९ जनाको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धार प्रयास जारी राखेको जनाएको छ । उद्धार कार्यमा भारतीय तथा चिनियाँ विज्ञ नेपाली सेनासँगको समन्वयमा खटिएका छन् ।

प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ सुरक्षाकर्मी परिचालित छन् ।

यसैगरी, प्रभावितको व्यवस्थापन तथा पुन:स्थापनाका लागि अन्तर्राष्ट्रिय समुदायबाट पनि आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता आएको छ । एशियाली विकास बैङ्क (एडीबी)बाट बजेटरी सहयोग (अनुदान) स्वरूप पाँच मिलियन अमेरिकी डलर, विश्व बैङ्कबाट १६७ मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण कर्जा, अमेरिकी सरकारबाट पाँच लाख अमेरिकी डलर र अष्ट्रेलिया सरकारबाट एक मिलियन अमेरिकी डलर नगद सहयोग उपलब्ध गराउने प्रतिबद्धता आएको छ । एडीबीले प्राविधिक सहायताका लागि एक लाख ५० हजार अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासी पूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन् । फेला परेका शवलाई 'एयरटाइट ब्याग'मा राखेर व्यवस्थापन गर्ने भइरहेको छ ।

'पहिचान नभएका तथा शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम शव व्यवस्थापन गरिँदैछ । पहिचान गर्न नसकिने अवस्थामा भेटिएका शवको डीएनएलगायत पहिचानमा सहयोग गर्ने आधार सुरक्षित राखी सरकारले व्यवस्थापन गर्न लागेको हो । परिवारले पहिचान गरेका शव भने सम्बन्धित परिवारलाई जिम्मा लगाउने काम भइरहेको छ । ***(रासस)***

## बाढी प्रभावित क्षेत्रमा नि:शुल्क 'भ्वाइस, डेटा र एसएमएस' सुविधा

काठमाडौँ, १४ भदौ । नेपाल टेलिकमले भोटेकोसी बाढी प्रभावित क्षेत्र र आसपासका सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको नि:शुल्क भ्वाइस, डेटा र एसएमएस सुविधा अर्को सूचना नभएसम्म निरन्तर उपलब्ध गराउने भएको छ ।

यसअघि भदौ १४ गतेसम्मका लागि नि:शुल्क भ्वाइस कल, प्रतिदिन २ जिबी डेटा र ५० वटा एसएमएस सुविधा उपलब्ध गराइएको थियो । राहत वितरण तथा उद्धार कार्यलाई सहज बनाउन कम्पनीले उक्त सुविधा थप समयका लागि निरन्तरता दिएको प्रवक्ता कमल लामिछानेले जानकारी दिनुभयो ।

नेपाल टेलिकमले बाढी प्रभावित क्षेत्रका बासिन्दालाई आवश्यकता अनुसार नि:शुल्क सेवा प्रयोग गर्न आग्रह गरेको छ । बाढीका कारण कम्पनीका विभिन्न भौतिक संरचनामा क्षति पुगे पनि दूरसञ्चार सेवा यथासम्भव नियमित राख्न तथा प्रभावित संरचनाको मर्मत-सम्भारका लागि प्राविधिक टोली परिचालन भएको छ ।

नेपाल टेलिकमका अनुसार बाढी प्रभावित क्षेत्रका अधिकांश संरचना पुन: सञ्चालनमा आइसकेका छन् भने बाँकी संरचना पनि यथाशीघ्र सञ्चालन गर्ने प्रयास जारी छ । ***(रासस)***

। सम्पादकीय ।

# पृथ्वीको तापमान बढ्दाको शिकार – नेपाल ?

भदौ १० गते रसुवा, धादिङ, नुवाकोट हुँदै भोटेकोसी-त्रिशुली नदीमा आएको भेलबाढीको कारण रसुवामा ४० किमि सडक पूर्णरूपमा क्षति भयो भने १३ वटा पुल बगायो। धादिङमा ८ र नुवाकोटमा १२ पुल बगाएको पनि सार्वजनिक भयो। सडक र पुलको यो क्षति २० अर्ब रुपैयाँ हाराहारीमा पुगेको सडक विभागको दाबी छ। सरकारले बेलिब्रिज बन्दोबस्त गरी सडक सुरु गर्ने तयारी गरेको पनि सार्वजनिक भयो। यथास्थानमा सडक सुरु गर्नु तत्काललाई जरुरी र सजिलो पनि हो तर हिमपहिरोको भेलबाढीबाट सुरक्षित हुने वा पूर्वसूचनाको बन्दोबस्त गर्ने काम मुख्य हो।

सरकारले भेलबाढी क्षति पुन:निर्माण गर्न ४-५ अर्ब डलर अर्थात् ६-७ खर्ब रुपैयाँ चाहिने अनुमान गरेको पनि सार्वजनिक भयो। यतिबेला २ खर्ब रुपैयाँजति सहयोग उठेको र दाता सम्मेलन गरी थप सहयोग उठाउने सरकारी तयारी पनि सार्वजनिक भयो। दाताहरूबाट खर्बौं रुपैयाँ उठ्ने सम्भावना कम छ। कतिपय दाताहरूले यसअघि आश्वासन दिएको सहयोगसमेत नदिएको पनि सार्वजनिक भएकै हो।

सरकारको ध्यान भूगर्भशास्त्री तथा जलवायु विज्ञहरूको टोलीमार्फत भौगोर्भिक अध्ययन गराई सुरक्षित स्थानमा एकीकृत र योजनाबद्ध बस्ती विकास गर्नेतर्फ जानु जरुरी छ। सम्भावित जोखिम क्षेत्रमा सडक, पुल, जलविद्युत् र बस्ती विकास गरिएमा पुन: भदौ १० गतेको जस्तो भेलबाढीमा थप क्षति नहोला भन्न सकिँदैन। जलविद्युत् आयोजनाहरू सरकारकै लगानीमा भेलबाढी जोखिम नहुने उचाइमा निर्माण गर्नु आवश्यक छ।

संसारका औद्योगिक देशहरूले कार्वन धेरै फालिरहेको र यसबाट पृथ्वीको तापक्रम पनि बढिरहेको विषय उठेको धेरै भयो। हरियाली कायम गरी औद्योगिक देशहरूबाट क्षतिपूर्तिबापत केही रुपैयाँ पाएकोमा नेपालका सरकारहरू उत्साहित भएको दाबी गर्छन्। रसुवामा भेलबाढी संसारमा बढ्दो कार्वन उत्सर्जनको कारण पनि आएको हो। यस्तो भेलबाढीको पूर्वसूचनासमेत पाउन कठिन नेपालजस्तो देश अहिले शिकार हुनुपर्‍यो। संयुक्त राष्ट्रसङ्घले कार्वन अत्याधीक उत्सर्जन गर्ने सदस्य देशहरूलाई सचेत गराउनु आवश्यक छ। नभए यस्ता क्षति दोहोरिने निश्चित छ।

केही विज्ञले डोजर चलाएर पहाड काट्दै सडकहरू निर्माण गर्न नहुने र ठुला नदीनजिक बस्ती वा जलविद्युत् परियोजना निर्माण गर्न नहुने सुझाव धेरै अगाडिदेखि नै दिइरहेका हुन्। भूगर्भशास्त्रीहरूले काठमाडौँ उपत्यकालगायत पोखरा, बुटवल, धरानसहित नेपालका २४ सहरको जमिन भारी संरचना - सडक, पुल, ठुला भवन निर्माण थेग्न नसक्ने र विस्तारै संरचना भासिने सम्भावनाका विषय उठाउँदै आएको पनि धेरै भयो। आजसम्मका सरकारहरू डोजर चलाई पहाड खोस्रँदै सडक बनाउँदै र काठमाडौँ उपत्यकालगायत केही मुख्य सहरमा बसाइँसराइ गराउँदै छन्। देशको सन्तुलित विकास गराउने र बसाइँसराइ निरुत्साहित गर्ने योजना सरकारहरूले नबनाएको किन ?

संसारका केही मानिस भएभरका स्रोत-साधन कब्जा गर्न चाहन्छन्। केही व्यक्तिको स्वार्थमा काम हुँदा पृथ्वीको तापक्रम बढिरहेको हो। संसारका सबै सचेत जनताले पृथ्वीलाई ध्वस्त पार्न चाहने र स्रोत-साधन कब्जा गर्न लालायित केही स्वार्थीहरूलाई विरोध गर्नु जरुरी छ। सरकारका अधिकारीहरू भोटेकोसी क्षेत्र र त्यस्तै सम्भावित क्षेत्रमा हिमपहिरो जोखिमबाट नेपाली जनता थप पीडामा पर्न नहुनेतर्फ लागिपर्नु आवश्यक छ।

# ‘मानवता कहाँ छ ?’ : कारागारमा रहेका पूर्वपाकिस्तानी प्रधानमन्त्री इमरान खानप्रति उनका छोराहरू चिन्तित !

✍ सुन्निया अह्मद पिरजादा

*(सुलेमान र कासिम खानले अल जजीरालाई भनेका छन् कि आफ्ना ७३ वर्षीय पिता ‘अशान्त’ भएको र ‘गम्भीर चिन्ता’ बाट पीडित रहेको सुनेपछि उनीहरू झन् बढी चिन्तित भए।)*

लन्डन, संयुक्त अधिराज्य - सुलेमान र कासिम खानले करिब छ महिनादेखि आफ्नो बुबाको आवाज सुन्न पाएका छैनन्।

पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) पार्टीले लगाइएका आरोपहरू राजनीतिक उद्देश्यप्रेरित भएको विश्वास व्यक्त गरेका छन्।

उनकी दुई बहिनीहरू, उज्मा र नोरीनलाई हालै उनलाई भेट्न अनुमति दिइएको थियो। उनीहरूले भनेका छन् कि महिनौँपछि भएको यो पहिलो भेट थियो।

ठहर गरिएको कैदी कार्यकारी हिरासतमा राखिएको व्यक्ति होइन।”

“उनको कैद न्यायिक प्रक्रियापछि सक्षम अदालतद्वारा दिइएका सजायअनुसार भएको हो, र उनी पाकिस्तानी कानुनअनुसार उपलब्ध सबै कानुनी उपायहरू खोज्न अधिकारप्राप्त छन्,” विज्ञप्तिमा भनिएको छ।

यसमा थप भनिएको छ कि “दोषी

ताकि प्रमाण रहोस्। उनीहरूले के लुकाइरहेका छन् ?

“शासक सत्ताले अहिले पूर्ण शक्ति नियन्त्रणमा राखेको छ। सर्वोच्च अदालतका प्रयासहरू प्रभावकारी देखिँदैनन्,” कासिमले भने। “हामी सकेसम्म आवाज उठाउने प्रयास गरिरहेका छौँ।”

सूचना तथा प्रसारण मन्त्रालय (



इमरान खानका छोराहरू, सुलेमान (बायाँ) र कासिम, जेलमा आफ्ना बुबाको स्वास्थ्य बिग्रँदै गएकोमा चिन्तित छन् र उनीहरू भन्छन् कि उनलाई ‘मानसिक यातना’ दिइएको छ, यो दाबीलाई पाकिस्तान सरकारले अस्वीकार गरेको छ। *(अल जजीरा)*



पूर्वपाकिस्तानी प्रधानमन्त्री इमरान खानले तीन वर्ष जेलमा बिताएका छन्। *(अख्तर सुमरो/रोयटर्स)*

पाकिस्तानका कारागारमा रहेका पूर्वप्रधानमन्त्री तथा क्रिकेट दिग्गज इमरान खानसँग उनीहरूले अन्तिम पटक गत मार्चमा इद अल-फित्रको अवसरमा कुरा गरेका थिए। त्यो फोन वार्ता २० मिनेटसम्म चलेको थियो।

“हामीलाई थाहा छैन, कति समय कुरा गर्न पाइन्छ,” २७ वर्षीय कासिमले लन्डनमा अल जजिरासँग भने। “सामान्यतया करिब २० मिनेट हुन्छ। उहाँले हतारमा हाम्रो जीवनबारे सोध्छन् र सल्लाह दिन्छन्। तर जब हामी उहाँको अवस्थाबारे सोध्छौं, उहाँ तुरुन्तै कुरा टार्छन्। उहाँ आफ्ना बारेमा धेरै कुरा गर्न चाहँदैनन्।

“उहाँ कति अशान्त देखिएका थिए भनेर दुवै बहिनी निकै विचलित भएका थिए। एकान्त कारावासले उनलाई मानसिक रूपमा यातना दिएको छ,” २९ वर्षीय सुलेमानले भने।

“उहाँको (जेलको) कोठामा हृदयगति असामान्य रूपमा बढ्छ। गम्भीर चिन्ताका कारण उहाँलाई धड्कनको समस्या भइरहेको छ,” कासिमले भने। “उहाँ मेरो जीवनमा भेटिएका सबैभन्दा शान्त र मानसिक रूपमा सबल व्यक्ति हुन्। उहाँलाई चिन्ताले ग्रसित भएको सुन्नु असह्य छ।”

खानका वकिलहरूले गत

कैदीलाई घरमै पकाएको खाना, व्यायाम उपकरण र उपयुक्त आहार सुविधा उपलब्ध गराइएको छ।”

उनलाई पूर्ण रूपमा अलग गरिएको वा परिवारसँग सम्पर्कबाट वञ्चित गरिएको दाबी आधिकारिक कारागार अभिलेखले पुष्टि नगरेको मन्त्रालयले जनाएको छ।”

अगस्ट १८ मा सर्वोच्च अदालतको तीन न्यायाधीशीय इजलासले इमरान खानलाई दुई दिनभित्र निजी शिफा इन्टरनेसनल अस्पतालमा सार्न, साप्ताहिक रूपमा परिवारसँग भेट गर्न र छोराहरूसँग हप्तामा दुई पटक फोन सम्पर्क गर्न अनुमति दिन आदेश दिएको थियो। साथै, उनका निजी चिकित्सक र बहिनी (दुवै चिकित्सक) लाई उनको

एमआईबी) ले भने खानको स्वास्थ्यसम्बन्धी रिपोर्टहरू “कारागार वा चिकित्सकीय अभिलेखले समर्थन नगरेको” दाबी गरेको छ।

मन्त्रालयले जनाएको छ कि खानले कैद सुरु भएदेखि ३० पटक स्वास्थ्य परीक्षण गरिसकेका छन्, “जेल चिकित्सकद्वारा गरिने नियमित परीक्षणबाहेक,” र चिकित्सकहरूले हालै निष्कर्ष निकालेका छन् कि उनी “सचेत, स्थिर छन् र कुनै गम्भीर वा नियन्त्रणबाहिरको स्वास्थ्य समस्या अभिलेखमा छैन।”

**संयुक्त राष्ट्र सङ्घदेखि क्रिकेटरहरूको सहयोग**

इमरान खानको रिहाइको लागि संयुक्त राष्ट्र सङ्घ, एम्नेस्टी इन्टरनेसनल,



अगस्ट २१, २०२६ मा पाकिस्तानको इस्लामाबादमा खानकी दिदीबहिनीहरूसँगै जेलमा रहेका पूर्व-प्रधानमन्त्री इमरान खानका निजी चिकित्सक फैसल सुल्तानले पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै। *(अख्तर सोमरो/रोयटर्स)*




डिसेम्बर ९, २०२५ मा पाकिस्तानको रावलपिंडीस्थित अदियाला जेल जाने बाटोमा जेलमा रहेका पूर्वप्रधानमन्त्री तथा पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) पार्टीका नेता इमरान खानका समर्थकहरू आफ्ना नेताको स्वास्थ्यको बारेमा चिन्ता व्यक्त गर्दै विरोध प्रदर्शनको क्रममा भेला भए। *(सलाहुद्दीन/रोयटर्स)*

“तिमीलाई थाहा छ, जे छ त्यही हो,” कासिमले बाबुको भनाइ सम्झिए।

७३ वर्षीय खानलाई रावलपिण्डीको अदियाला जेलमा कैद गरिएको तीन वर्ष बितिसकेको छ। सन् २०२२ मा विश्वासको मतमार्फत पदच्युत भएपछि उनले १०० भन्दा बढी कानुनी मुद्दा सामना गरेका छन्, जसमा घूस लिएको, राज्यको गोप्य जानकारी चुहाएको र राज्यका उपहार अवैध रूपमा बेचेको आरोपहरू छन्। उनले सबै आरोप अस्वीकार गरेका छन्।

उनका सबैमध्ये एकवटा सजायबाहेक बाँकी सबै निलम्बन वा खारेज भएका छन्, जसमा अपिलहरू अझै बाँकी छन्।

खानको परिवार र उनको

फेब्रुअरीमा बताएका थिए कि उनको दायाँ आँखाको दृष्टि ८५ प्रतिशत गुमिसकेको छ।

“हाम्रो फुपूसँग भेट्दा उहाँ अझै पनि आँखामा पट्टी लगाइरहेका थिए,” सुलेमानले भने। “१० महिनासम्म उनलाई कुनै पनि आगन्तुक भेट्न अनुमति दिइएको थिएन। बिहिनीहरूको छोटो भेटबाहेक अन्य आदेशहरू पालना गरिएको छैन।”

पाकिस्तानको सूचना तथा प्रसारण मन्त्रालय (एमआईबी) ले एक विज्ञप्ति जारी गर्दै इमरान खानलाई “दण्डात्मक एकान्त कारावास, क्रूरता वा वञ्चित” गरिएको आरोपलाई स्पष्ट रूपमा अस्वीकार गरेको छ।

विज्ञप्तिमा भनिएको छ, “दोषी

उपचारमा सहभागी गराउन आदेश दिइएको थियो। यसअघि कार्डियाक बोर्डको समीक्षाले खानको रक्तचाप अस्थिर रहेको र परिवारसँग सीमित सम्पर्कका कारण चिन्ता बढेको निष्कर्ष निकालेको थियो।

तर, उनलाई त्यसको सट्टा सरकारी अस्पताल पिम्समा छोटो स्वास्थ्य परीक्षणका लागि लगेर अगस्ट २० मा पुन: जेल फर्काइएको थियो। त्यसपछि खानको पार्टीले अवहेलनाको निवेदन दायर गरेको थियो।

“यी सरकारी चिकित्सकहरूलाई के भन्नुपर्ने हो त्यो मात्र सुनाइन्छ,” सुलेमानले भने। हामी चाहन्छौँ कि उनलाई स्वतन्त्र रूपमा परीक्षण गरियोस्,

वासिङ्टन र लन्डनका राजनीतिज्ञहरूसहित २१ पूर्व क्रिकेट कप्तानहरूले समर्थन गरेका छन्।

“हामी आशा गर्छौं कि बेलायतले केही फरक गर्न सक्छ,” कासिमले भने। “हाम्रो बुबा यहाँ लामो समय बस्नुभएको थियो र उनले सधैं इङ्गल्यान्डको प्रशंसा गर्नुभएको छ।”

उनीहरूका आमा तथा खानकी पूर्वपत्नी जेमिमा गोल्डस्मिथले प्रधानमन्त्री एन्डी बर्नहाम र विदेशमन्त्री एड् मिलिब्यान्डलाई सहयोगका लागि आग्रह गर्दै भनिन् कि खानले “तीन वर्षको एकान्त कारावास सहनुपरेको छ,” जुन अहिले ‘मानव अधिकार आपत्काल’ बनेको छ।

***बाँकी पृष्ठ ८ मा***

# डिजिटल नवप्रवर्तनबाट 'शून्य मानवीय क्षति' तर्फ नेपाल
## कृत्रिम बुद्धिमत्ता र पूर्वसूचनाको एकीकृत मार्गचित्र

✍ द्रोण पराजुली

भौगोलिक बनोट, जलवायु परिवर्तन र अव्यवस्थित सहरीकरणका कारण नेपाल विश्वकै उच्च विपद् जोखिमयुक्त मुलुकहरूको सूचीमा पर्छ। भूकम्प, बाढी, पहिरो, हिमताल विस्फोट (GLOF) तथा डढेलोजस्ता प्राकृतिक विपद्का घटनाहरू पछिल्ला दशकहरूमा तीव्रगतिमा बढिरहेका छन्। विश्व आर्थिक मञ्चको पछिल्लो जोखिम प्रतिवेदनले पनि चरम मौसमी प्रतिकूलतालाई मानव सभ्यताकै प्रमुख दीर्घकालीन चुनौतीका रूपमा औँल्याएको छ। यद्यपि, 'शून्य प्राकृतिक विपद्' को अवधारणाले प्राकृतिक घटनाहरूलाई भौतिक रूपमै रोक्ने असम्भव दाबी गर्दैन; यसको वास्तविक मर्म प्रविधि, पूर्वसूचना र रणनीतिक तयारीको संयोजनमार्फत टार्न सकिने मानवीय मृत्यु र भौतिक विनाशलाई शून्यमा झार्नु हो।

विपद् व्यवस्थापनमा विश्वव्यापी रूपमै परम्परागत प्रतिक्रियामुखी ढाँचाबाट पूर्वानुमानमा आधारित पूर्वकार्य (Anticipatory Action) तर्फ नीतिगत रूपान्तरण भइरहेको छ। संयुक्त राष्ट्रसङ्घको 'अर्ली वार्निङ फर अल' अवधारणाले औँल्याएझैँ जोखिमको पहिचान, वैज्ञानिक अनुगमन, समयमै सूचना सम्प्रेषण र प्रभावकारी पूर्वतयारीलाई एउटै कडीमा जोड्न नसक्दा विपद् व्यवस्थापन असफल हुने गर्दछ। अन्तर्राष्ट्रिय अभ्यासहरू हेर्दा विकसित देशहरूले प्रविधिको एकीकृत प्रयोगबाट विपद्को क्षति उल्लेख्य रूपमा घटाएका छन्। जापानले आफ्नो घना भूमिगत सेस्मोमिटर सञ्जाल (Hi-net) र 'जे-अलर्ट' प्रणालीमार्फत भूकम्पको विनाशकारी तरङ्ग (S-wave) आउनुअगावै प्रारम्भिक तरङ्ग (P-wave) समातेर सेकेन्डमै नागरिकलाई सतर्क गराउने र यातायात तथा संवेदनशील पूर्वाधार स्वतः बन्द गर्ने प्रणाली स्थापित गरेको छ।

त्यसैगरी, संयुक्त राज्य अमेरिकाको सङ्घीय आपत्कालीन व्यवस्थापन निकाय (FEMA) ले भू-उपग्रह, ड्रोन र कृत्रिम बुद्धिमत्ता (AI) को प्रयोग गरी विपद्पछिको संरचनात्मक क्षतिको मूल्याङ्कन केही दिनभित्रै सम्पन्न गर्ने पद्धति विकास गरेको छ। यसले हप्तौं लाग्ने स्थलगत निरीक्षणलाई विस्थापित गरी राहत तथा पुनर्निर्माण कोष परिचालनलाई तीव्र बनाएको छ। युरोपेली आयोगको 'कोपरनिकस' प्रणालीले भू-उपग्रह र जलविज्ञान मोडेलका आधारमा हप्तौँ अगावै बाढीको पूर्वानुमान गर्छ भने दक्षिण एसियामै बङ्गलादेशले बहुमाध्यमीय चेतावनी र आश्रयस्थल सञ्जालमार्फत चक्रवातबाट हुने मृत्युदरलाई ऐतिहासिक रूपमा घटाएको छ।

नेपालको सन्दर्भमा जल तथा मौसम विज्ञान विभागले प्रमुख नदी बेसिनहरूमा सञ्चालन गरेको एसएमएस र साइरनमा आधारित बाढी पूर्वसूचना प्रणालीले जीवन रक्षामा उल्लेखनीय योगदान पुऱ्याएको छ। तर, हिमाली क्षेत्रमा तीव्र गतिमा पग्लिरहेका हिमताल, आकस्मिक बाढी र जटिल पहिरोहरूको जोखिम सम्बोधन गर्न विद्यमान प्रणाली पर्याप्त छैन। नेपालमा हालसम्म पहिचान भएका ४७ वटा जोखिमयुक्त हिमतालबाहेक पनि थामे तथा रसुवा क्षेत्रका पछिल्ला घटनाहरूले हिमाली भू-भागमा बरफ-चट्टान खस्ने र अस्थायी ताल बन्ने नयाँ चुनौती थपेका छन्। यी दुर्गम हिमाली क्षेत्रमा स्थलगत सेन्सर राख्न कठिन हुने भएकाले उच्च विभेदनयुक्त भू-उपग्रह, रडार इमेजरी र एआई विश्लेषणको निरन्तर निगरानी अपरिहार्य बनेको छ।

भूकम्पको दीर्घकालीन पूर्वानुमान असम्भव भए तापनि भूकम्पीय तरङ्ग उत्पन्न भएपछिको केही सेकेन्डको पूर्वसूचनाले हजारौँ जीवन बचाउन सक्छ। नेपालमा महँगो भूमिगत पूर्वाधार तत्काल निर्माण गर्न नसकिए पनि 'ओपन ईईडब्लु' तथा स्मार्टफोनका एक्सेलेरोमिटर सेन्सरहरूमा आधारित कम लागतका क्राउडसोर्स्ड प्रणालीहरू अत्यन्त उपयोगी हुन सक्छन्। अनुसन्धानहरूले देखाएअनुसार यस्ता स्मार्टफोनमा आधारित प्रणालीले सन् २०१५ को गोरखा भूकम्पको समयमा काठमाडौँ उपत्यकालाई करिब १५ देखि १६ सेकेन्ड अगाडि चेतावनी दिन सक्ने सम्भावना थियो, जुन समय मानिसलाई खुला स्थानमा जान, ग्यास तथा विद्युत् विच्छेद गर्न र जीवनरक्षाका उपाय अपनाउन पर्याप्त हुन्छ।

नेपालमा विपद् व्यवस्थापनको सबैभन्दा ठुलो प्राविधिक अवरोध तथ्याङ्कको खण्डीकरण र अन्तिम तहसम्म सूचना प्रवाहको अभाव हो। गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले विकास गरेको 'विपद्' (BIPAD) पोर्टलले जोखिम तथ्याङ्क, घरधुरी विवरण र प्रभावमा आधारित पूर्वानुमानलाई जोड्ने राम्रो आधार तयार गरेको छ। यस प्लेटफर्मलाई जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय भूकम्प मापन केन्द्र, इसिमोड तथा स्थानीय तहका तथ्याङ्कहरूसँग पूर्ण रूपमा अन्तरसञ्चालनयोग्य (Interoperable) बनाउनु अबको आवश्यकता हो। एसएमएस प्रणालीसँगै एफएम रेडियो, स्थानीय भाषाका लाउडस्पिकर, मोबाइल पुस-नोटिफिकेसन र सामुदायिक संयन्त्रलाई स्वचालित रूपमा सक्रिय गराउने बहुमाध्यमीय पद्धति लागू गरिनुपर्छ।

नेपाललाई सन् २०३५ सम्ममा डिजिटल विपद् व्यवस्थापनमा सक्षम मुलुक बनाउन बहुपक्षीय कार्ययोजना आवश्यक छ। पहिलो चरणमा जलविज्ञान, भूकम्प र भू-उपग्रह तथ्याङ्कको राष्ट्रिय एकीकरण गरी काठमाडौँलगायतका घना बस्तीमा कम लागतको भूकम्प पूर्वसूचना प्रणाली विस्तार गरिनुपर्छ। दोस्रो चरणमा सीमापार नदी तथा हिमतालसम्बन्धी पूर्वसूचना साझेदारीलाई भारत र चीनसँग औपचारिक संयन्त्रमार्फत मजबुत बनाउँदै संवेदनशील पहाडी सडकहरूमा पहिरो मापन सेन्सर र एआई आधारित क्षति मूल्याङ्कन पद्धति लागू गर्नुपर्छ। अन्तिम चरणमा नेपाललाई हिमाली विपद् पूर्वसूचना र प्रविधिको क्षेत्रीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्दै पूर्वानुमानमा आधारित विपद् वित्तीय प्रणालीलाई पूर्ण रूपमा संस्थागत गरिनुपर्छ।

प्राकृतिक विपद् रोक्न नसकिए पनि सूचना, प्रविधि र पूर्वतयारीको सही संयोजनबाट मानवीय क्षतिलाई शून्यमा झार्न सकिन्छ। विपद् घटेपछि मात्र राहत र उद्धारमा बजेट खन्याउने परम्परागत प्रतिक्रियामुखी सोचबाट बाहिर निस्किएर जोखिमको पूर्वआँकलनका आधारमा लगानी केन्द्रित गर्ने संस्कृतिको विकास नै डिजिटल नेपालको सुरक्षित भविष्यको मुख्य आधारशिला हो।

*(लेखक प्रोजेक्ट रिसर्च, इनोभेसन, इन्भेन्सन एन्ड डेभलपमेन्ट सेन्टर - PRIIDC का अनुसन्धानकर्ता हुन्।)*

# पुस्तकालयलाई जीवन्त बनाउन पुस्तकालयकर्मीको दायित्व

✍ सत्यराम कासिछ्वा

साधारणतया विभिन्न विधाका विद्वान्, लेखक, दार्शनिक, चिन्तक तथा साहित्यकार आदिका विचार तथा भावनालाई लिपिबद्ध गरिएको पृष्ठहरूको सङ्गठित स्वरूप वा ठेलीलाई पुस्तक भनिन्छ। पुस्तकलाई संस्कृत भाषामा ग्रन्थ भनिन्छ। नेपाली बृहत् शब्दकोषमा पुस्तकको अर्थ पढ्ने, पढाउने उद्देश्यले तर्क विचार, भावना, ज्ञान विज्ञान आदिका कुरा लेखिएको छापिएको ग्रन्थ भनिएको छ।

मानिस एक गतिशील, सामाजिक उत्तरदायित्व बहन गर्ने प्राणी भएको हुँदा उसले प्राप्त गरेका भाषा, अनुभव, ज्ञान, सीप र कला कौशललाई संरक्षण संवर्द्धन गर्दै भविष्यको पुस्ताका लागि हस्तान्तरण गर्न विभिन्न विधि प्रविधिका स्रोत साधनको उपयोग नियमित रूपमा भइरहेको छ।

**नेपालमा पुस्तकालयको विकासक्रम**

प्राचीनकालदेखि नै मानिसहरूले आफ्नो धर्म, दर्शन, कला र संस्कृतिलाई लेख्ने कला तथा सीपको विकास गर्दै चिरकालसम्मका लागि सुरक्षित र संवर्द्धन गर्न नरम माटो, काठका टुक्रा, ताडपत्र, भोजपत्र, शिलापत्र आदिमा लेख्ने, कोर्ने गर्दा आफ्नो कला, धर्म, दर्शन, इतिहास, संस्कृति लेखी गुफा तथा मठमन्दिर पाटीपौवा, चैत्य गुम्बामा ज्ञान सामग्रीको रूपमा संरक्षण गर्दै जाँदा पुस्तक र पुस्तकालयको विकास भएको हो।

प्राचीन समयमा प्राप्त गरेको ज्ञान र सीपको संरक्षण गुफा हुँदै मध्ययुगतिर मठमन्दिर, मस्जिद, गुम्बाचैत्य, पाटीपौवा तथा आधुनिक समाज तथा युगमा पुस्तकको प्रयोग तथा अनुसन्धानलाई बढावा दिन छुट्टै शाखा वा भवनमा पुस्तकको संरक्षण र परिचालन एवम् वितरण गरिएको हुन्छ जहाँ पुस्तकको घरलाई आधुनिक पुस्तकालयको रूपमा लिइन्छ।

**भक्तपुरको साफुकोठा अर्थात् पुस्तकालय**

मल्लकालमा स्थापना भएको साफुकोठा वा पुस्तकालय हाल अप्रभंश भएर साकोठामा सीमित भएको छ। पृथ्वीनारायण शाहले भक्तपुरका अन्तिम मल्ल राजा रणजितसँग मित लगाएर यहाँका समृद्धि तथा सांस्कृतिक रहनसहन एवम् सेना परिचालनसम्बन्धी विभिन्न जानकारी तथा ज्ञानहरू साकोठास्थित घरबाट पाएका थिए। उक्त घरमा मल्लकालमा राजाहरूले आफ्नो शक्ति सञ्चयका रूपमा विभिन्न किसिमका रणनीतिक कलाकौशल, भाषा साहित्य र जीवनोपयोगी सीपहरूको सङ्कलन गरेका थिए। वि. सं. १८२६ मा पृथ्वीनारायण शाहले उपत्यका जितिसकेपछि भक्तपुरको यो घर नै जलाइदिएका थिए जसका कारण यहाँ राखिएका हजारौ किताबहरू जलाएको घटना सर्वविदित नै छ। यसरी पुस्तकालयको स्वरूप नेपालमा मल्लकालमै विकास भएको तथ्य तथा इतिहासको अध्ययन गर्न सकिन्छ।

**नेपालमा लाइब्रेरियनसीपको थालनी**

नेपालमा १५ भदौ १८६९ मा राजा गीर्वाणयुद्ध विक्रम शाहले 'पुस्तकालय अधिनियम' मा लालमोहरसहित पारित गराई पुस्तकालय सेवा दिन पण्डित केदारनाथ झालाई नै पुस्तकको रेखदेख र संरक्षणका लागि नेपालको पहिलो लाइब्रेरियनको



रूपमा मानेका थिए। तर, पुस्तकालयको व्यवस्थापनमा अध्ययन तालिम नलिएकोले भारतको दिल्ली विश्वविद्यालयबाट पुस्तकालय विज्ञानमा स्नातक गरेका पूर्णप्रसाद अमात्यलाई तत्कालीन शिक्षामन्त्री शारदा शमशेरले २००९ मा त्रिचन्द्र कलेजको लाइब्रेरियन पदमा नियुक्ति दिई नेपालमा लाइब्रेरियनसीपको थालनी गरे।

**पुस्तकालय पर्व**

वि.सं. १९८७ मा विश्वमा फैलिएको शिक्षाको प्रचार-प्रसार, पुस्तक पुस्तकालयले जनमानसमा पारेको सकारात्मक प्रभावबाट भारतमा अध्ययनपछि फर्केका धर्मराज थपलिया र लक्ष्मीप्रसाद देवकोटालगायत ४५/४६ जना युवाहरूले 'सरस्वती गुठी' नामक संस्थाबाट पुस्तकालय खोल्न श्री ३ भीमशमशेरको अगाडि बिन्ती गर्दा रामचन्द्र अधिकारीले पोल खोलिदिएपछि 'गाथगादी ताकेको' आरोपमा जनही रु. १००/- जरिवाना लगाई दण्ड दिएको थियो जसलाई नेपालको पुस्तकालय विकासको इतिहासमा 'पुस्तकालय पर्व' को नामले चिनिन्छ।

**नेपालमा पुस्तकालय दिवस तथा नाराहरू**

पुस्तकालयका गतिविधि र त्यसको आवश्यकताबारे जानकारी गराउने उद्देश्यका साथ नेपालमा २०६५ भदौ १५ गतेदेखि जनतालाई शिक्षित र राष्ट्रलाई समृद्ध बनाउने उद्देश्यले पुस्तकालय दिवस मनाउन सुरु गरिएको हो।

राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा वि.सं. १८६९ भदौ १५ गते शुक्रबार पुस्तकालय बनाउनेसम्बन्धी कानुनमा लालमोहर लगाएको स्मृतिमा सरकारले वि.सं. २०६५ देखि भदौ १५ गतेलाई राष्ट्रिय पुस्तकालय दिवसका रूपमा मनाउने निर्णय गरेको थियो।

नेपालमा राष्ट्रिय पुस्तकालय दिवस हरेक वर्ष भदौ १५ गते मनाइन्छ। वि.सं. २०६५ देखि मनाउन थालिएको यस दिवसको विभिन्न वर्षका प्रमुख नाराहरू यस्ता छन् :

२०६५ (पहिलो) : "सबैका लागि पुस्तकालय"
२०६६ : "पुस्तकालयको विकास, नयाँ नेपालको निकास"
२०६७ : "सूचना, ज्ञान र सीपका लागि पुस्तकालय"
२०६८ : "समृद्ध नेपालका लागि पुस्तकालय"
२०६९: "पुस्तकालय जाऔं, पढ्ने बानी बसालौं"
२०७० : "एक गाउँ एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय"
२०७९ : "पढौं, पढाऔं : निरन्तर शिक्षाका लागि पुस्तकालय"
२०८० : "पुस्तौं पुस्ताका लागि पुस्तकालय"
२०८१ : "निरन्तर शिक्षाका लागि पुस्तकालय"
२०८२ : "हाम्रो पुस्तकालय : हाम्रो भविष्य"
२०८३ (१९ औं राष्ट्रिय पुस्तकालय दिवस) : "बाल, युवा र वृद्ध : पुस्तकालय सबैको गन्तव्य"

२०६५ मा मनाइएको पहिलो पुस्तकालय दिवसको नारा "सबैका लागि पुस्तकालय" र अहिले २०८३ को १९ औं राष्ट्रिय पुस्तकालय दिवसको नारा "बाल, युवा र वृद्ध : पुस्तकालय सबैको गन्तव्य" ले दुई दशककै नारालाई अझ प्रभावकारी र व्यवहारिक बनाउन जोड दिएको छ। दुवै नाराले विशेष रूपमा सबै उमेर समूहका मानिसलाई पुस्तकालयसँग जोड्ने सन्देशमा केन्द्रित छ।

**पुस्तकालयमा पुस्तकको अनिवार्यता र जोखिम**

पढाइ जीवन परिवर्तन गर्ने शास्त्र हो। पुस्तकबिनाको जीवन निरर्थक हुन्छ र जीवनको कुनै महत्त्व रहँदैन। पुस्तकबिनाको जीवनले ढुङ्गेयुगको स्मरण गराउँछ। समाजमा आज जे जति विकास परिवर्तन भएको छ, त्यसमा पुस्तकको ठुलो देन छ। पुस्तक विद्यार्थीदेखि अनुसन्धानकर्तालगायत सबै इच्छुक अध्येतालाई आवश्यक पर्ने महत्त्वपूर्ण ज्ञानको सागर हो। पुस्तकालयको प्रयोग गरी पर्याप्त मात्रामा लाभ लिई पूर्ण ज्ञान हासिल गर्नसक्छन्। आफ्नो कक्षा वा तहको निर्दिष्ट पाठ्यपुस्तकबाहेक अन्य सहायक र सन्दर्भ सामग्रीको रूपमा अन्य प्रकारका पुस्तक अध्ययनमा रुचि नहुँदा शिक्षा प्रमाणपत्रको लागि सीमित भएकोले गुणस्तरीय शिक्षाका लागि पुस्तक अध्ययन गर्ने संस्कृतिमा कमी आएको छ र असल पाठक खोज्नुपर्ने दिन आउन बेर छैन। पुस्तक पुस्तकालयको जीवन हो। पुस्तक बिनाको पुस्तकालय परिकल्पना गर्न सकिँदैन।

पुस्तक नीति तथा पुस्तकालय सञ्चालनको कार्ययोजना स्पष्ट नभएकोले २०७२ को भूकम्प र संविधान जारी पछि बनेको दुईपटक स्थानीय सरकार गठन तथा नयाँ सोचले विकसित भएको संसद् र सरकारले पनि व्यवस्थितरूपमा समुदायका पुस्तकालय सञ्चालन हुन सकेको छैन। त्यस्ता समुदायका पुस्तकालय पुन:जागृत गर्न नसक्दा समुदायमा रहेको पुस्तकालयका पुस्तकहरूमा ढुसी पर्ने, कीराले खाने, मुसाले खाने तथा च्यातिने समस्याले अर्बौंको रकम बराबरको क्षति भएको छ।

**बदलिँदो पुस्तकालय**

आधुनिक समयमा मानिस समाजसँग भिज्न छुट्टै औपचारिक तथा अनौपचारिकरूपमा उसले प्रविधि, सूचना तथा स्रोत साधनको ज्ञान पाएको हुनुपर्ने अनिवार्य संस्कार बनेको छ। अझ एआई तथा च्याट जीपीटीबाट सिकारुले चाहिएको ज्ञानलाई छिटोछरितो रूपमा प्रयोगका लागि मोबाइल आईफोनजस्ता डिजिटल डिभाइसको प्रयोग गर्नुपर्ने बाध्यता र जरुरत रहेको छ। यसको परिणाम केही सिकारु पाठकहरू मोबाइलजन्य दुर्व्यसनीमा फस्दै आएको छ।

विद्यालय, कलेज, क्याम्पस र पुस्तकालय आदि शिक्षण संस्थामा मूलत: पुस्तककै प्रयोगलाई बढी बढावा दिइन्छ। विद्यालय कलेजजस्ता शिक्षण संस्थामा पुस्तकका निश्चित ज्ञान र सीपबारे शिक्षकले विद्यार्थीलाई मार्ग निर्देशमात्रै गर्छ तर पुस्तकालयमा विद्यार्थीले आफूलाई आवश्यक पर्ने ज्ञानको भोक मेटाउने विविध पक्षका ज्ञानहरूको अध्ययन गरिन्छ।

**पुस्तकालयमा जनशक्ति**

विद्यालयजस्ता शिक्षण संस्थाले सीमित ज्ञानका लागि पुस्तकको अध्ययन अध्यापन गरिन्छ, जसले विद्यार्थीमा सिकाइप्रति हिनताबोध उत्पन्न गराउँछ। त्यसैले, हरेक शिक्षण संस्थाहरूले विद्यार्थीमा हिनताबोध नहोस् भनेर छुट्टै शाखा वा भवनमा पुस्तकालयको प्रबन्ध गरेको छ। जहाँ विद्यार्थीले विद्यालयमा सिकेका ज्ञान सीपलाई अझ परिष्कृतरूपमा बुझ्न सिक्न सहयोग पुग्दछ। यसका लागि हरेक शिक्षण संस्थाले आफ्नो पुस्तकालयमा भएका पुस्तकहरूको व्यवस्थित परिचालन र अन्य शैक्षिक गतिविधिको विकासका लागि तालिम प्राप्त र विविध पाठकबिच अन्तर क्रियात्मक, शैक्षिक प्रतियोगितात्मक कार्यक्रम तथा विविध अन्य शैक्षिक संस्थाहरूबिच समन्वयात्मक भूमिका निभाउन सक्ने क्षमता भएका पुस्तकालयकर्मीको व्यवस्था गर्नुपर्दछ। यदि पुस्तकालयमा भएका पुस्तकहरूको मात्रै आदानप्रदान गर्ने हो भने त्यहाँ पुस्तकालयकर्मी जनशक्तिको आवश्यकता रहँदैन।

**पुस्तकालयको प्रयोगमा प्रश्न**

एक्काइसौँ शताब्दीमा पुस्तकलाई डिजिटल स्वरूपमा परिवर्तन गर्दा इन्टरनेटको प्रयोगले पुस्तक र पुस्तकालयको आवश्यकता नरहेको तर्क गर्नेहरूले अन्य शिक्षण संस्थाको आवश्यकतामा समेत प्रश्न उठाउन सक्ने अवस्था छ। साझा संस्कृति र सम्पदासम्मको खुला पहुँचमा आम मानिस स्वतन्त्र हुँदा विभिन्न समुदायबिच मित्रता, अन्य समुदायलाई भाषा सिकाइमा सहजता तथा युवाहरूको लागि सार्वजनिक स्थान शान्तरूपमा नि:शुल्क उपलब्ध गराउने पुस्तकालयको सामाजिक सिद्धान्त आज प्रयोगविहीन अवस्थामा छ।

झन्डै दुई दशकदेखि लगातार रूपमा पुस्तकालय दिवस मनाउँदै गर्दा पुस्तकमा आएको डिजिटल प्रविधिले मोबाइल तथा इन्टरनेटलाई नै एक्काइसौँ शताब्दीको पुस्तक र पुस्तकालयको रूपमा लिँदा पुस्तकालयमा गएर पढ्ने पढाउने संस्कृतिको अभाव भएको छ।

जसले एक्लै बस्दा, साथीभाइ तथा सामाजिक जमघट हुँदा, यात्रा गर्दा वास्तविक पुस्तकभन्दा बढी मोबाइलजन्य प्रविधिको अधिकतम प्रयोगले पुस्तक अध्ययन संस्कृतिमा कमी आएको छ। यसले भविष्यमा आँखालगायत अन्य शारीरिक तथा मानसिक स्वास्थ्यमा विविध समस्या देखापर्ने कुरालाई ध्यान दिनसकेको छैन।

यसर्थ, विभिन्न समयमा भव्यताका साथ मनाउँदै आएको पुस्तकालय दिवसको मूल नारालाई व्यवहारमा उतार्न र पुस्तक अध्ययन संस्कृतिमा संस्कार बसाउन पुस्तकालयकर्मीले विविध पाठकबिच अन्तर क्रियात्मक, शैक्षिक प्रतियोगितात्मक कार्यक्रम तथा विविध अन्य शैक्षिक संस्थाहरूबिच समन्वयात्मक भूमिका निभाउन विविध गतिविधिलाई प्राथमिकता दिनु आजको आवश्यकता हो। यसले पुस्तकालयलाई बदलिँदो समयमा पनि जीवन्त राख्न सहयोग पुऱ्याउँछ।



रसियाको पुरानो राजधानी सेन्ट पिटर्सवर्गमा शैक्षिक सत्र सुरुवातअधिको सडक महोत्सवमा रुसी लेखकहरू फियोडोर दोस्तोएभ्स्की, निकोलाई गोगोल र अलेक्ज्यान्डर पुश्किनको पुतला बनाएर सम्वादको नाटक देखाउँदै पपेट फर्म्याट थियटरका कलाकारहरू अगस्ट २९, २०२६ को दिन।

*तस्बिर : एपी/ दमित्री लोभेट्स्की*

# अमेरिकासँग भएको तेल सम्झौतामा सार्वभौमसत्ता कायम रहने भेनेजुयलाको दाबी

काराकास, ३० अगस्ट (एएफपी)। भेनेजुयलाकी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले शनिबार नयाँ सम्झौताअन्तर्गत संयुक्त राज्य अमेरिकालाई तेलमा महत्त्वपूर्ण पहुँच दिइए पनि देशले आफ्नो प्राकृतिक स्रोतसाधनमाथिको नियन्त्रण र सार्वभौमसत्ता कायम राख्ने बताउनुभएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार 'विश्व इतिहासकै सबैभन्दा ठूलो तेल सम्झौता' भनेको उक्त सम्झौताअन्तर्गत भेनेजुयलाको ६५ अर्ब ब्यारेल प्रमाणित तेल भण्डारमा अमेरिकाको बहुमत नियन्त्रण रहने बताइएको छ।

"एउटा कुरा स्पष्ट हुनुपर्छ– भेनेजुयलाले आफ्ना स्रोतसाधनमाथि स्वामित्व र सार्वभौमसत्ता कायम राख्छ," रोड्रिगेजले सरकारी टेलिभिजनमार्फत सम्बोधन गर्दै भन्नुभयो।

सम्झौताको उद्देश्य जमिनमुनि रहेका 'निष्क्रिय' तेल स्रोतलाई भेनेजुयलाका जनताको सामाजिक तथा आर्थिक कल्याणको स्रोतमा रूपान्तरण गर्नु रहेको उहाँले बताउनुभयो।

काराकसका अनुसार सम्झौताअन्तर्गत निजी क्षेत्रबाट करिब १०० अर्ब डलर लगानी भित्र्याइनेछ। विश्वकै सबैभन्दा ठूलो प्रमाणित तेल भण्डार रहेको भेनेजुयलाको तेल उद्योगलाई पुनर्जीवित गर्न उक्त लगानी प्रयोग गरिनेछ।

तर, सम्झौताको विस्तृत विवरण सार्वजनिक नगरिएकामा भेनेजुयलामा चिन्ता बढेको छ। सरकार समर्थकसहित सामाजिक सञ्जालका प्रयोगकर्ताले सार्वभौमसत्ता गुम्ने जोखिम, देशले पाउने लाभ र सम्झौताको राजनीतिक मूल्यबारे प्रश्न उठाएका छन्।

"यसबाट कसलाई फाइदा हुन्छ - भेनेजुयलालाई कि संयुक्त राज्य अमेरिकालाई–हामीलाई थाहा छैन", ६८ वर्षीय सुरक्षा गार्ड जिसस सालाजारले भन्नुभयो, "मलाई शङ्का छ, तर के हुन्छ भनेर पर्खनुपर्छ।"

जनवरीमा अमेरिकी सेनाले लामो समयदेखि सत्तामा रहेका राष्ट्रपति निकोलस मादुरोलाई सत्ताच्युत गरी नियन्त्रणमा लिएपछि भेनेजुयलाको सरकार ट्रम्प प्रशासनको तीव्र दबाबमा रहँदै आएको छ। वासिङ्टनले मादुरोकी उपराष्ट्रपति रोड्रिगेजलाई अन्तरिम राष्ट्रपतिका रूपमा कायम रहन अनुमति दिएको थियो।

भेनेजुयलाको सत्तारुढ दलले शनिबार राष्ट्रिय हितलाई प्राथमिकता दिने र लामो समयदेखिको आर्थिक प्रतिबन्ध तथा अन्य एकपक्षीय दबाबबाट उत्पन्न असर पार गर्न सहयोग गर्ने आर्थिक उपायलाई समर्थन गर्ने जनाएको छ।

**तेल उत्पादन बढे पनि चुनौती कायमै**

रोड्रिगेजले भेनेजुयलाको खानी तथा पेट्रोलियम क्षेत्रलाई निजी पुँजी र विदेशी लगानीका लागि खुला गर्ने सुधार अघि बढाउनुभएको छ। यसैबिच, वासिङ्टनले मादुरो सरकारको पालामा भेनेजुयलाको तेल क्षेत्रमा लगाएका केही प्रतिबन्ध हटाएको छ।

जनवरीदेखि जुलाईसम्म भेनेजुयलाको तेल उत्पादन २९ दशमलव आठ प्रतिशतले बढेर दैनिक १२ लाख ब्यारेल पुगेको बताइएको छ। यद्यपि, यो उत्पादन करिब २५ वर्षअघिको स्तरभन्दा निकै कम हो।

अमेरिकी सम्झौताले तेल उत्पादन बढाउने लक्ष्य राखेको भए पनि विश्लेषकहरूले त्यसका लागि समय लाग्ने बताएका छन्। काराकसस्थित उच्च अध्ययन प्रशासन संस्थानका प्राध्यापक ओस्वाल्डो फेलिजोलाका अनुसार उत्पादनमा उल्लेख्य वृद्धि हुन कम्तीमा तीनदेखि चार वर्ष लाग्न सक्छ।

उहाँले लामो समयदेखि पर्याप्त लगानी आकर्षित गर्न नसकेको भेनेजुयलाको तेल उद्योगमा अमेरिकी लगानीलाई सकारात्मक कदमका रूपमा व्याख्या गर्नुभयो। उहाँका अनुसार राज्य स्वामित्वको पेट्रोलियोस डे भेनेजुयला (पीडीभीएसए) सँग आवश्यक लगानी गर्ने पर्याप्त आर्थिक स्रोत छैन।

भेनेजुयलाको अर्थतन्त्र सन् २०१४ देखि २०२१ सम्म करिब ८० प्रतिशतले सङ्कुचित भएको थियो। यसका कारण लाखौँ मानिस गरिबीमा धकेलिएका छन्।

सरकारी कर्मचारी कार्लोस बाकोले नयाँ सम्झौताबाट तेल राजस्व बढ्ने आशा व्यक्त गरे पनि दैनिक जीवनमा त्यसको प्रभाव देखिन बाँकी रहेको बताउनुभयो। रोड्रिगेजले सम्झौताबाट २०४ अर्ब डलरभन्दा बढी कर राजस्व प्राप्त हुने दाबी गर्नुभयो।

विश्लेषकहरूले भने पर्याप्त लगानी र उचित व्यवस्थापन भएमा सम्झौताले भेनेजुयलाको तेल उद्योग पुनर्जीवित गर्न र आर्थिक पुनरुत्थानलाई गति दिन सक्ने बताएका छन्।

# मातृ मृत्यु घटाउन अफ्रिकामा पुरुष 'मिडवाइफ' को भूमिका बढ्दै

मोहालेस होक, ३० अगस्ट (एपी)। अफ्रिकामा सुत्केरीसम्बन्धी जटिलताबाट हुने मातृमृत्यु घटाउने प्रयाससँगै पुरुष मिडवाइफ (प्रसूति स्याहारकर्ता) को सङ्ख्या बढ्दै गएको छ। यद्यपि, यस क्षेत्रमा पुरुष मिडवाइफ अझै पनि निकै कम रहेका छन्।

दक्षिणी अफ्रिकी मुलुक लेसोथोका न्टलहाने सेहलोहो करिब ३०० पुरुष मिडवाइफमध्ये एक हुनुहुन्छ। उहाँले विगत दुई दशकदेखि ग्रामीण क्षेत्रमा गर्भवती महिलालाई प्रसूतिपूर्व तथा प्रसूतिसम्बन्धी सेवा दिँदै आउनुभएको छ।

लेसोथोमा परम्परागत रूपमा मिडवाइफको काम महिलाको पेसाका रूपमा लिइन्थ्यो। तर, ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीको अभाव र उच्च मातृमृत्युदरका कारण सरकारले पुरुष नर्सलाई समेत मिडवाइफको तालिम दिन थालेको हो।

संयुक्त राष्ट्रसङ्घका अनुसार लेसोथोमा प्रत्येक एक लाख जीवित जन्ममा करिब ५३० महिलाको मृत्यु हुने गरेको छ, जुन विश्वको औसत करिब २०० भन्दा निकै बढी हो। युनिसेफका अनुसार अहिले लेसोथोमा ९२ प्रतिशत प्रसूति सेवा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रदान हुँदै आएको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वभरका मिडवाइफमध्ये पुरुषको हिस्सा एक प्रतिशतभन्दा कम छ। डब्लुएचओ र युनिसेफले प्रसूति सेवामा जनशक्तिको अभाव पूरा गर्न महिला र पुरुष दुवैलाई यस क्षेत्रमा आउन प्रोत्साहित गर्दै आएका छन्।

लेसोथोको स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवाका कार्यवाहक निर्देशक डा. ल्याङ मामाका अनुसार पुरुष मिडवाइफप्रति केही महिलामा अझै हिचकिचाहट भए पनि समुदायले विस्तारै स्वीकार गर्दै गएको छ। महिलाले असहज महसुस गरेमा महिला स्वास्थ्यकर्मीबाट सेवा लिन सक्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सेहलोहोले पनि पुरुष मिडवाइफका लागि महिलाको विश्वास जित्नु महत्त्वपूर्ण रहेको बताउनुभयो। ग्रामीण परिवेशमा आफू पनि हुर्किएको र महिलाले भोग्ने कठिनाइ बुझेको बताउँदै उहाँले बिरामीलाई सहज महसुस गराउने प्रयास गर्दै आएको बताउनुभयो।

युनाइटेड नेसन्स पपुलेसन फन्ड (यूएनएफपीए) की प्रतिनिधि ब्लान्डिना मोटाउङले पुरुष मिडवाइफप्रति मिश्रित प्रतिक्रिया भए पनि कतिपय महिलाले उनीहरूको सावधानीपूर्ण र संवेदनशील व्यवहारको प्रशंसा गर्ने गरेको बताउनुभो।

लेसोथोका केही महिला भने महिला स्वास्थ्यकर्मीबाट सेवा लिन सहज मान्छन् भने केहीले पुरुष मिडवाइफबाट उपचार गराउन कुनै समस्या नरहेको बताएका छन्।

## विश्व सङ्क्षेप

### इक्वेडरमा एल निनोका कारण आपत्काल घोषणा

क्विटो, ३० अगस्ट (एएफपी)। इक्वेडरले एल निनो जलवायु घटनाका कारण शनिबार देशभर उच्च सतर्कता जारी गर्दै आपत्काल घोषणा गरेको अधिकारीहरूले बताएका छन्।

इक्वेडरको जोखिम व्यवस्थापन मन्त्रालयले एल निनोको सम्भावित प्रभावलाई ध्यानमा राख्दै देशभर उच्च सतर्कता जारी गरेको हो। सतर्कतासँगै सम्भावित जोखिमयुक्त क्षेत्रबाट नागरिकलाई सुरक्षित स्थानमा सार्ने तथा अन्य आपत्कालीन उपाय समन्वय गर्न सम्बन्धित समितिहरू सक्रिय हुनेछन्।

एल निनोका कारण मध्य र पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको समुद्री सतहको तापक्रम बढ्नुका साथै हावाको बहाव, वायुदबाब र वर्षाको ढाँचामा परिवर्तन आउने गर्छ। यसले माछा मार्ने गतिविधि र चराहरूको बसाइँसराइमा समेत असर पार्न सक्छ।

इक्वेडरले देशको पूर्वी क्षेत्रमा पर्ने अमेजन क्षेत्रमा खडेरी र डढेलोको जोखिम बढ्ने अनुमान गरेको छ। यस वर्षको एल निनोले मध्य अमेरिकाका केही क्षेत्रमा गम्भीर खडेरी तथा इन्डोनेसियामा डढेलोको जोखिम बढाएको अधिकारीहरूले बताएका छन्।

वैज्ञानिकहरूका अनुसार हालको एल निनो वर्षको अन्त्यतिर उत्कर्षमा पुग्न सक्ने र सन् २०२७ मा विश्वव्यापी तापक्रममा उल्लेखनीय वृद्धि हुन सक्ने अनुमान गरिएको छ।

पानामा, होन्डुरस र एल साल्भाडोरले यसअघि नै एल निनोका कारण आपत्काल घोषणा गरिसकेका छन्। पेरुले पनि एल निनोका कारण तीव्र गर्मी र वर्षाको जोखिमलाई ध्यानमा राख्दै आफ्ना करिब एकतिहाइ सहरमा आपत्काल घोषणा गरेको छ।

### चीनको सिजाङमा पहिरो : नेपालीसहित २६१ विदेशीको अवस्था अज्ञात

ग्यिरोङ, ३० अगस्ट (सिन्ह्वा)। दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रअन्तर्गत चीन–नेपाल सीमाको केरुङ नाकामा अगस्ट २६ मा गएको पहिरोपछि २३ देशका २६१ विदेशी नागरिकको अवस्था अज्ञात रहेको स्थानीय अधिकारीहरूले आइतबार बताएका छन्।

परराष्ट्र, सार्वजनिक सुरक्षा, संस्कृति तथा पर्यटन र आपत्कालीन व्यवस्थापन निकायले गरेको संयुक्त खोजी तथा विवरण रुजुपछि क्षेत्रीय सरकारको सूचना कार्यालयले आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त तथ्याङ्क सार्वजनिक गरेको हो।

अवस्था अज्ञात रहेकामा १०४ नेपाली नागरिकका साथै भारतका ४९, लाटभियाका ३३, संयुक्त राज्य अमेरिकाका १८, बेलायतका १५, क्यानडा र अस्ट्रेलियाका छ/छ, दक्षिण अफ्रिकाका चार तथा मलेसिया, जर्मनी र रुसका तीन/तीन जना नागरिक छन्।

त्यसैगरी, आयरल्यान्ड, इस्टोनिया, फ्रान्स, नेदरल्यान्ड्स र न्युजिल्यान्डका दुई/दुई जना तथा काजाकिस्तान, फिनल्यान्ड, लिथुआनिया, पोर्चुगल, युक्रेन, स्पेन र हङ्गेरीका एक/एक जना रहेको अधिकारीहरूले बताएका छन्।

### किएभनजिकै रुसी ड्रोन आक्रमणमा ३७ जनाको मृत्यु

माइला, ३० अगस्ट (एपी)। युक्रेनको राजधानी किएभनजिकै रहेको एक गोदाममा रुसी ड्रोन आक्रमण हुँदा ३७ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन्। गोदाममा गोलाबारुद तथा बारुदी सुरुङ भण्डारण गरिएको र आक्रमणपछि भएको विस्फोट तथा आगलागीले आसपासका दर्जनौँ घरमा क्षति पुगेको उनीहरूको भनाइ छ।

बुचा जिल्लाको माइला गाउँमा शुक्रबार राति भएको आक्रमण यस वर्ष युक्रेनमा भएको सबैभन्दा घातक रुसी आक्रमण बनेको छ। स्थानीय क्षेत्रीय सैन्य प्रशासनका प्रमुख टिमुर टकाचेन्कोका अनुसार आगलागीका कारण कम्तीमा ५० आवासीय भवनमा क्षति पुगेको छ। मृत्यु हुनेमा ३४ जना वृद्ध तथा अपाङ्गता भएका व्यक्तिको स्याहार केन्द्रका बासिन्दा रहेको उहाँले बताउनुभयो। घटनापछि ३७० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मानिसको बस्तीनजिकै गोलाबारुद भण्डारण गरिएको विषयमा प्रश्न उठाउँदै घटनालाई 'भयानक लापरबाही' भन्नुभएको छ। उहाँले घटनाबारे आपराधिक अनुसन्धान सुरु गरिएको र दोषीलाई जवाफदेही बनाइने बताउनुभएको छ।

रुसको रक्षा मन्त्रालयले भने उक्त गोदाममा लामो दूरीका ड्रोनका लागि आवश्यक सामग्री तथा प्रक्षेपण उपकरण भण्डारण गरिएको भन्दै त्यही संरचनालाई लक्षित गरी आक्रमण गरिएको जनाएको छ।

यसैबिच, दक्षिणी खेरसन क्षेत्रमा रुसी आक्रमणबाट दुई जनाको मृत्यु हुनुका साथै एक बालबालिकासहित २७ जना घाइते भएको क्षेत्रीय अधिकारीहरूले बताएका छन्।

युक्रेनले पछिल्ला महिनामा रुसी सैन्य उद्योग तथा ऊर्जा पूर्वाधारलाई लक्षित गरी लामो दूरीका ड्रोन आक्रमण बढाएको छ। राष्ट्रपति जेलेन्स्कीले यस्ता आक्रमणका लागि दैनिक एक हजारसम्म ड्रोन प्रयोग गर्ने लक्ष्य रहेको बताउनुभएको छ।

रुसको रक्षा मन्त्रालयका अनुसार शनिबार राति उसले युक्रेनबाट प्रहार गरिएका ३१३ ड्रोन नष्ट गरेको छ। युक्रेनी ड्रोन आक्रमणमा रुसको रोस्तोभ क्षेत्रमा ११ जना घाइते भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## सूचना ! सूचना !! सूचना !!!

भक्तपुर नगरपालिकाको आयोजनामा २०८३ भदौ १५ देखि १९ गतेसम्म प्रदर्शन गरिने परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको क्रम यस प्रकार रहेका छन् ।

| मिति | मूल्याङ्कन स्थलः सूर्यमढी | मूल्याङ्कन स्थलः नासमना | मूल्याङ्कन स्थलः चोछेँ |
|---|---|---|---|
| २०८३ भदौ १५ गते | महालक्ष्मी प्याखँ पुचः थालाछेँ १० | नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ ७ वडा एकाइ समिति | बालाखु गणेश सांस्कृतिक पुचः, सानो ब्यासी २ |
| | भक्तपुर साकोस | कुथुछेँ समाज तँचा, बोलाछेँ ४ | महालक्ष्मी प्याखँ पुचः थालाछेँ १० |
| | राधाकृष्ण भजन खलः | मुक्ति संगित प्रशिक्षण केन्द्र, लैको ५ | ख्वप मावि, देकोचा ६ |
| | १० नं. नगांचा समूह | युनिक एकेडेमी, कटुञ्जे | ख्वप कलेज, देकोचा ६ |
| | आरोही समूह, लिबाली | सिद्धि गणेश सांस्कृतिक बाँसुरी बाजा समूह, चोर्चा ७ | ब्यासी सांस्कृतिक समूह, ब्यासी |
| | तुछिमला भैल प्याखँ, तुछिमला | सिद्धि गणेश सांस्कृतिक समूह, चोर्चा ७ | ख्वप देवी प्याखँ (महाकाली नाच) खलः |
| | जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १० | जेठा गणेश भैल प्याखँ, तालाक्व ४ | श्री बाराही नाच, तेखापुखु ३ |
| | पासा पुचः, सूर्यमढी ९ | ख्वप देवी प्याखँ (महाकाली नाच) खलः | खिछेँ दाफा भजन खल, खिछेँ |
| | | | च्वङा गणेश धिमाय् खल, सल्लाघारी |
| २०८३ भदौ १६ गते | महाकाली नाच खर्बुजा समूह, दोक्छेँ | १० नं. नगांचा समूह | श्री चण्डेश्वरी धिमे पुचः, भनपा ५ |
| | बालाखु गणेश सांस्कृतिक पुचः, सानो ब्यासी २ | भक्तपुर साकोस | गणेश दाफा भजन, भार्वाचो १ |
| | ख्वप मावि, देकोचा ६ | राधाकृष्ण भजन खलः | याताव दाफा भजन, भ्रौखेल |
| | ख्वप कलेज, देकोचा ६ | याताव दाफा भजन, भ्रौखेल | दुमलाचा सांस्कृतिक परिवार, तालाक्व ४ |
| | ब्यासी सांस्कृतिक समूह, ब्यासी | विश्वकर्मा भैल प्याखँ, तौलाछेँ ९ | आरम्भ वाद्यशाला, खौमा |
| | खिछेँ दाफा भजन खल, खिछेँ | जैँला सांस्कृतिक समाज, जैँला ८ | कुथुछेँ समाज तँचा, बोलाछेँ ४ |
| | सांस्कृतिक समिति ६, भनपा ६ | पासा पुचः, सूर्यमढी ९ | युनिक एकेडेमी, कटुञ्जे |
| | मुक्ति संगित प्रशिक्षण केन्द्र, लैको ५ | निओ फ्युजन बाजा समूह, इनाचो ७ | गलसी पुखु देवी प्याखँ, गलसी ५ |
| | श्री बाराही नाच, तेखापुखु ३ | | |
| २०८३ भदौ १७ गते | कुथुछेँ समाज तँचा, बोलाछेँ ४ | श्री चण्डेश्वरी धिमे पुचः, भनपा ५ | नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ ७ वडा एकाइ समिति |
| | आरम्भ वाद्यशाला, खौमा | सांस्कृतिक समिति ६, भनपा ६ | राधाकृष्ण भजन खलः |
| | दुमलाचा सांस्कृतिक परिवार, तालाक्व ४ | बालाखु गणेश सांस्कृतिक पुचः, सानो ब्यासी २ | जेठा गणेश भैल प्याखँ, तालाक्व ४ |
| | च्वङा गणेश धिमाय् खल, सल्लाघारी | ख्वप मावि, देकोचा ६ | जैँला सांस्कृतिक समाज, जैँला ८ |
| | गणेश दाफा भजन, भार्वाचो १ | ख्वप कलेज, देकोचा ६ | मुक्ति संगित प्रशिक्षण केन्द्र, लैको ५ |
| | याताव दाफा भजन, भ्रौखेल | स्टार वाचनालय, वाचुत्व ७ | निओ फ्युजन बाजा समूह, इनाचो ७ |
| | एक्यम सांस्कृतिक बाजा खल, महाकाली | गलसी पुखु देवी प्याखँ, गलसी ५ | जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १० |
| | ख्वप देवी प्याखँ (महाकाली नाच) खलः | कमिचा गल्ली बाँसुरी बाजा समूह, कमिचा गल्ली | |
| | आस्था सांस्कृतिक परिवार, लिबाली | दत्तात्रय तचपाल मको टोल ९ | |
| २०८३ भदौ १८ गते | युनिक एकेडेमी, कटुञ्जे | खिछेँ दाफा भजन खल, खिछेँ | कमिचा गल्ली बाँसुरी बाजा समूह, कमिचा गल्ली |
| | नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ ७ वडा एकाइ समिति | ब्यासी सांस्कृतिक समूह, ब्यासी | विश्वकर्मा भैल प्याखँ, तौलाछेँ ९ |
| | जेठा गणेश भैल प्याखँ, तालाक्व ४ | महाकाली नाच खर्बुजा समूह, दोक्छेँ | पासा पुचः, सूर्यमढी ९ |
| | श्री चण्डेश्वरी धिमे पुचः, भनपा ५ | आरोही समूह, लिबाली | एक्यम सांस्कृतिक बाजा खल, महाकाली |
| | गलसी पुखु देवी प्याखँ, गलसी ५ | आस्था सांस्कृतिक परिवार, लिबाली | स्टार वाचनालय, वाचुत्व ७ |
| | कमिचा गल्ली बाँसुरी बाजा समूह, कमिचा गल्ली | आरम्भ वाद्यशाला, खौमा | दत्तात्रय तचपाल मको टोल ९ |
| | निओ फ्युजन बाजा समूह, इनाचो ७ | जेन्युइन सेकेन्डरी स्कुल, देकोचा १० | सिद्धि गणेश सांस्कृतिक समूह, चोर्चा ७ |
| | | तुछिमला भैल प्याखँ, तुछिमला | सिद्धि गणेश सांस्कृतिक बाँसुरी बाजा समूह, चोर्चा ७ |
| २०८३ भदौ १९ गते | स्टार वाचनालय, वाचुत्व ७ | महालक्ष्मी प्याखँ पुचः थालाछेँ १० | आरोही समूह, लिबाली |
| | सिद्धि गणेश सांस्कृतिक समूह, चोर्चा ७ | एक्यम सांस्कृतिक बाजा खल, महाकाली | भक्तपुर साकोस |
| | सिद्धि गणेश सांस्कृतिक बाँसुरी बाजा समूह, चोर्चा ७ | च्वङा गणेश धिमाय् खल, सल्लाघारी | १० नं. नगांचा समूह |
| | विश्वकर्मा भैल प्याखँ, तौलाछेँ ९ | गणेश दाफा भजन, भार्वाचो १ | आस्था सांस्कृतिक परिवार, लिबाली |
| | दत्तात्रय तचपाल मको टोल ९ | दुमलाचा सांस्कृतिक परिवार, तालाक्व ४ | ख्वप देवी प्याखँ (महाकाली नाच) खलः |
| | जैँला सांस्कृतिक समाज, जैँला ८ | श्री बाराही नाच, तेखापुखु ३ | सांस्कृतिक समिति ६, भनपा ६ |
| | | | तुछिमला भैल प्याखँ, तुछिमला |

**पुनश्चः** हरेक दिन बेलुका ६ बजेदेखि सांस्कृतिक समूहहरूको प्रस्तुति रहनेछ । नाम छुट हुन गएमा समूहले भनपाको प्रशासन शाखामा सम्पर्क गर्नहुन अनुरोध छ ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप–१०१

प्रहरी नायब महानिरीक्षक ओम रानाको मोबाइल नम्बर ९८५१२८०६०० मा पूर्व आईजीपी चन्द्रकुवेर खापुङसँग भदौ २३ र २४ गते ११ पटक एक-अर्कोले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । NID का प्रमुख हुतराज थापाले भदौ २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ । Metro Control ले भदौ २४ गते एक पटक सम्पर्क गरेको देखिन्छ । Home Minister Spokes-person ले भदौ २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ । AIGP सिद्धिविक्रम शाहले भदौ २३ र २४ गते ३९ पटक एक-अर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ । काठमाडौँका प्रमुख जिल्ला अधिकारी छवि रिजालले २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ । DIGP विश्व अधिकारीले भदौ २३ र २४ गते ५३ पटक एक-अर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ । IGP दानबाहादुर कार्कीले भदौ २३ र २४ गते २२ पटक एकअर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । Metro-१ सँग भदौ २४ गते तीन पटक एक-अर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ ।

उल्लिखित चार्टको अध्ययनअनुसार भदौ २३ र २४ गते प्रहरी नायव महानिरीक्षक ओम रानाले विभिन्न व्यक्तिहरूसँग सम्पर्क र समन्वय गरेको देखिन्छ ।

पूर्व IGP चन्द्रकुवेर खापुङको मोबाइल नम्बर ९८५१२८०९०० ले IGP दानबहादुर कार्कीलाई भदौ २३ र २४ गते चार पटक सम्पर्क गरेको देखिन्छ । मुख्यसचिव एकनारायण अर्याललाई भदौ २३ गते तीन पटक सम्पर्क गरेको देखिन्छ । DIGP विश्व अधिकारीलाई भदौ २३ र २४ गते ४२ पटक एकअर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ । गृहमन्त्री रमेश लेखकका पी.ए. जनक भट्टले भदौ २४ गते तीन पटक सम्पर्क गरेको देखिन्छ । देवराज घिमिरे Speaker of the Pratinidi Sabha ले भदौ २४ गते एक पटक सम्पर्क गरेको देखिन्छ । AIGP सिद्धिविक्रम शाहसँग भदौ २३ र २४ गते २८ पटक दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । DIGP ओम रानासँग भदौ २३ र २४ गते ११ पटक सम्पर्क गरेको देखिन्छ । पूर्वगृहमन्त्री रमेश लेखकको दुवै मोबाइलमा भदौ २३ र २४ गते आठ पटक एक अर्कोले सम्पर्क गरेको देखिन्छ । सशस्त्र IGP राजु अर्यालसँग भदौ २३ र २४ गते दुई पटक एक अर्काले सम्पर्क गरेको देखिन्छ । पूर्वप्रधानमन्त्री के.पी. वलीको पी.ए. राजेश बज्राचार्यले एक पटक भदौ २४ गते सम्पर्क गरेको देखिन्छ । Metro Control सँग भदौ २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ । गृहसचिवसँग भदौ २३ र २४ गते नौ पटक एक अर्काले दुवैको मोबाइल नम्बरमा सम्पर्क गरेको देखिन्छ । नेपाली सेनाको प्रमुख अशोक सिग्देलसँग भदौ २४ गते दुई पटक सम्पर्क गरेको देखिन्छ ।

सशस्त्र प्रहरी IGP राजु अर्यालको मोबाइल नम्बर ९८५१११०४९८ लाई काठमाडौं प्रमुख जिल्ला अधिकारी छवि रिजाले भदौ २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ । विष्णु रिमालले भदौ २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ । मुख्यसचिव एक नारायण अर्यालसँग भदौ २३ र २४ गते दुई पटक एकअर्कोले सम्पर्क गरेको देखिन्छ । पूर्व IGP चन्द्रकुवेर खापुङसँग भदौ २३ र २४ गते दुई पटक एक अर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । पूर्वगृहमन्त्री रमेश लेखकको दुवै मोबाइलमा भदौ २३ र २४ गते ११ पटक दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । नेपाली सेनाको प्रमुख राजु सिग्देलसँग भदौ २४ गते दुई पटक सम्पर्क गरेको देखिन्छ भने सहसचिव आनन्द काफ्लेले भदौ २३ गते दुई पटक सम्पर्क गरेको देखिन्छ । सुदन गुरूङसँग भदौ २४ गते ६ पटक एकअर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । गृहसचिवसँग भदौ २३ र २४ गते चार पटक एकअर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । गृहप्रवक्तासँग भदौ २३ र २४ गते दुई पटक एकअर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । पूर्वगृहमन्त्री रमेश लेखकका पी.ए. जनक भट्टले भदौ २४ गते चार पटक सम्पर्क गरेको देखिन्छ भने IGP दानबहादुर कार्कीलाई भदौ २४ गते एक पटक सम्पर्क गरेको देखिन्छ । पूर्व NID Chief हुतराज थापासँग भदौ २३ र २४ गते चार पटक एक अर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ ।

Chief of NID हुतराज थापाको मोबाइल नम्बर ९८५१०८२३०९ ले पूर्वगृहमन्त्री रमेश लेखकलाई भदौ २४ गते एक पटक फोन सम्पर्क गरेको तथा नेपाल प्रहरीका पूर्व IGP चन्द्रकुवेर खापुङसँग भदौ २३ गते दुई पटक मोबाईलमा सम्पर्क गरेको देखिन्छ । DIG ओम रानाले भदौ २३ गते एक पटक सम्पर्क गरेको देखिन्छ भने सशस्त्र प्रहरीको IGP राजु अर्याल भदौ २३ र २४ गते चार पटक एक-अर्काले मोबाइलमा सम्पर्क गरेको देखिन्छ ।

गृहसचिव गोकर्णमणि दवाडीको मोबाइल नम्बर ९८५१०२२२२२ ले पूर्वप्रधानमन्त्री के.पी. वलीको पी.ए. राजेश बज्राचार्यलाई भदौ २४ गते एक पटक सम्पर्क गरेको देखिन्छ । पूर्वगृहमन्त्री रमेश लेखकको दुवै मोबाइल नम्बरमा भदौ २३ गते तीन पटक नम्बरमा सम्पर्क गरेको देखिन्छ । विष्णु रिमालसँग भदौ २३ र २४ गते चार पटक एक अर्काले दुवैको मोबाइलमा सम्पर्क गरेको देखिन्छ । नेपाली सेनाको प्रमुख अशोक सिग्देलसँग भदौ २३ र २४ गते ६ पटक मोबाइलमा सम्पर्क गरेको देखिन्छ भने मुख्यसचिव एक नारायण अर्यालसँग भदौ २३ र २४ गते ६ पटक सम्पर्क गरेको देखिन्छ ।

# दैलेखको तिलेपातामा 'भक्तपुर काण्ड' को भर्त्सना

दैलेख, १४ भदौ । नेपाल मजदुर किसान पार्टी आठबीस नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट पार्न पञ्चायती राज्य स्तरबाट रचिएको भक्तपुर काण्ड 'कालो दिन' को सन्दर्भमा आठबीस नगरपालिकाको वडा नं ८ तिलेपातामा नेमकिपा समर्थक कार्यकर्ताबिच भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिका उपाध्यक्ष मानबहादुर सिजापतिले भक्तपुर काण्ड नेमकिपालाई सिध्याउनकै लागि नियोजित रूपमा रचिएको राज्यस्तरको षड्यन्त्र भएको उल्लेख गर्दै फेरि यस्ता षड्यन्त्र हुनसक्ने भएकोले सचेत रहन आग्रह गर्नुभयो ।

पुँजीपति, साम्राज्यवादी शक्तिहरू यस्ताखाले कुकृत्य गर्न जहिले पनि लागिरहने भएकाले त्यसका विरुद्धमा देश र जनताका पक्षमा आवाज उठाउने काम नेमकिपाले गरिरहेको उहाँले बताउनुभयो ।

नेमकिपा आठबीस नगर समिति अध्यक्ष जयबहादुर सिजापति, पार्टी सचिव नवीन बडुवाल, दिलिप बडुवाल, निर्मल सिजापति, कोमल बडुवाल, विमल क्षेत्री, विजन पण्डित, जनम सिजापतिलगायतका कार्यकर्ताहरूले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

समितिले भदौ १० गते रसुवा जिल्लाको भोटेकोसी नदीमा आएको बाढी पहिरोका कारण रसुवा, नुवाकोट र धादिङलगायतका जिल्लामा भएको ठुलो धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै शोकाकुल परिवारमा समवेदना प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

# बाढीपहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै उद्धार तथा राहतका लागि इसानको अपिल

भक्तपुर, १४ भदौ । संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) ले भदौ १० गते रसुवा जिल्लाको भोटेकोसी नदीमा बाढी आई नदीको आसपास तथा नुवाकोट एवं धादिङ जिल्लामा डुबानका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै एक प्रेस विज्ञप्ति प्रकाशित गरेको छ । विज्ञप्तिमा भनिएको छ –

प्राकृतिक विपद्का कारण कतिपय स्थानमा मानिसहरूको मृत्यु भएको र बेपत्ता हुनुका साथै ठुलो सङ्ख्यामा नागरिकहरू विस्थापित भएका, घर तथा भौतिक संरचनामा क्षति पुगेको र सडक, पुल, विद्युत् तथा सञ्चार सेवासमेत प्रभावित भएको घटनाले सङ्घलाई अत्यन्त दुःखी बनाएको छ । यस विपद्मा परी ज्यान गुमाउनु हुने सम्पूर्णप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । बेपत्ता नागरिकहरूको शीघ्र खोजी तथा सकुशल उद्धारका लागि हार्दिक अनुरोध गर्दछौं ।

सङ्घ सरकार, स्थानीय तह, सुरक्षा निकाय, आदिलाई विपद् प्रभावित क्षेत्रमा तत्काल खोज, उद्धार, राहत तथा उपचार कार्यलाई प्रभावकारी र समन्वयात्मक रूपमा अगाडि बढाउन हार्दिक आग्रह गर्दछौं ।

विशेष गरी बाढी तथा पहिरोका कारण जोखिममा परेका बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समुदायको सुरक्षालाई प्राथमिकतामा राखी सुरक्षित स्थानमा स्थानान्तरण, खाद्यान्न, खानेपानी, औषधि, अस्थायी आवास तथा आवश्यक शैक्षिक सामग्रीको तत्काल व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं ।

यस दुखद् परिस्थितिमा सङ्घअन्तर्गतका सम्पूर्ण विद्यालय, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा विद्यालय परिवारलाई आफ्नो क्षमताअनुसार विपद् प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग गर्न हार्दिक आह्वान गर्दछौं ।

साथै, विपद्को समयमा सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट फैलिन सक्ने भ्रामक सूचना र अफवाहबाट सचेत रहन तथा आधिकारिक निकायबाट प्राप्त सूचनालाई मात्र आधार बनाउन सबैमा अनुरोध गर्दछौं ।

संस्थागत विद्यालय सङ्घ, नेपाल विपद् प्रभावित नागरिकको दुःखमा साथमा रहेको प्रतिबद्धता व्यक्त गर्दै मानवीय सहयोग, उद्धार, राहत र पुनःस्थापनाका कार्यमा आवश्यक सहयोग र सहकार्य गर्न सदैव तयार रहेको जानकारी गराउँदछौं ।

*वैकल्पिक...*

सवारी चाप व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले मालवाहक सवारीसाधनलाई कान्ति लोकपथ तथा १४ सीटभन्दा ठुला यात्रुवाहक सवारीसाधनलाई त्रिभुवन राजपथ हुँदै आवतजावत गर्न आग्रह गरेको छ ।

कार्यालयका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले १४ सीटसम्मका साना यात्रुवाहक सवारीसाधनलाई भीमफेदी-देउराली हुँदै आवतजावत गर्न आग्रह गरिएको बताउनुभयो ।

प्रशासनले अत्यावश्यक कामबाहेक काठमाडौँको यात्रा नगर्न, अत्यावश्यक अवस्थामा बाहेक निजी सवारीसाधन नलैजान, जथाभावी 'ओभरटेक' नगर्न तथा ट्राफिक प्रहरीको निर्देशन पालना गर्नसमेत अनुरोध गरेको छ ।

*मानवता...*

उनले थपिन् कि उनका छोराहरू, जो बेलायती नागरिक हुन्, उनीहरूलाई भिसा अस्वीकृत गरिएको छ र यदि उनीहरू खानलाई भेट्न पाकिस्तान गए भने पक्राउ पर्ने जोखिम छ, यसलाई उनले 'मानव अधिकार आपत्काल' भनेकी छिन् ।"

खानका छोराहरूले उनलाई अन्तिम पटक सन् २०२२ नोभेम्बरमा भएको हत्या प्रयासपछि भेटेका थिए ।

"हामीसँग योजनाहरू छन्, तर ती सार्वजनिक रूपमा खुलाउन सक्दैनौं, किनकि हामीले भनिएको कुरा छिट्टै पाकिस्तानमा निगरानीमा पर्छ," कासिमले भने ।

"अहिले सबैभन्दा कठिन समय हो, सबैभन्दा अन्धकारमय देखिएको छ । तर, कम्तीमा अहिले बढी ध्यान केन्द्रित पनि भएको छ," सुलेमानले थपे । "हामी भाग्यशाली छौं कि राम्रो साथीहरू र बलियो पारिवारिक एकता छ, जसले हामीलाई मानसिक रूपमा स्थिर राख्छ ।"

सूचना तथा प्रसारण मन्त्रालय (एमआईबी) ले खानलाई अलग गरिएको वा सम्पर्कबाट वञ्चित गरिएको दाबी अस्वीकार गर्दै भन्यो, "अभिलेखले करिब १९८ अन्तर्वार्ता सत्रहरू देखाउँछ, जसमा ९०० भन्दा बढी आगन्तुक प्रवेशहरू छन् । यसमा उनका बिहिनीहरू, परिवारका सदस्य, वकिल, चिकित्सक, राजनीतिक प्रतिनिधि र अन्य स्वीकृत आगन्तुकहरू समावेश छन् ।"

मन्त्रालयले उनको कारावास अवस्था मानवीय भएको दाबी गर्दै भन्यो कि सुविधा 'निद्रा, सरसफाइ र व्यायाम' को लागि पर्याप्त छन् ।

"उहाँलाई छुट्टै तयार गरिएका भोजनहरू दिइन्छ, जसमा मासु, कुखुरा, फलफूल, दूध, बदाम, रस र बोतलको पानी समावेश छन्," विज्ञप्तिमा भनिएको छ । "त्यसै समयमा, कैदीसँगको पहुँचलाई जेलभित्रबाट अनियन्त्रित राजनीतिक सम्प्रेषण वा गतिविधिको प्लेटफर्मको रूपमा प्रयोग गर्न सकिँदैन ।"

खानले आफ्ना छोराहरूलाई सधैं सार्वजनिक जीवनबाट टाढा राखेका थिए र उनीहरू पनि क्यामेराको अगाडि जीवन खोज्ने प्रयासमा थिएनन् ।

कासिमले बाबुको स्वास्थ्य बिग्रनुमा सरकारलाई जिम्मेवार ठहर गरे ।

"कसैलाई आधारभूत स्वास्थ्य परीक्षण वा उपचार गर्न नदिनेमा मानवता कहाँ छ ? यो तुच्छता हो, सानो यातना दिने प्रविधि हो – पुस्तकहरू नदिनु, छोराहरूसँग फोन सम्पर्क गर्न नदिनु, उनलाई २३ घण्टा एकान्त कोठामा राख्नु," उनले प्रश्न गरे ।

"यदि दुर्व्यवहारको दाबी अस्वीकार गर्छन् भने प्रमाण देखाओस् । उनलाई निष्पक्ष चिकित्सक र अस्पतालमा लगेर स्वास्थ्य प्रतिवेदन सार्वजनिक गरियोस् । यसले हाम्रो मनलाई शान्त पार्नेछ र पाकिस्तानका जनतालाई देखाउँनेछ कि उनीहरूको निर्वाचित नेता स्वस्थ छन् ।"

तर, उनी अझै पनि बाबुको सबलतामा विश्वास राख्छन् ।

"यदि कसैमा यो कठिन समयमा दृढ रहन सक्ने आशा छ भने, त्यो उहाँ नै हुन्, यद्यपि यी अवस्था अत्यन्तै कठोर छन्," कान्छो भाइले भने ।


सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

❖ सार्वजनिक शौचालयको निर्माण तथा नागरिकको पहुँच विस्तार गरौं,
❖ सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
❖ फोहोर, प्लास्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
❖ साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाइमा ध्यान दिऔं,
❖ सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
❖ शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
❖ सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं।

स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैले सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



हार्दिक समवेदना



जन्म
१९९६/०८/२८

स्वर्गारोहण
२०८३/०५/१२

स्व. नातिमाया शिल्पकार

यस कोषका सदस्यहरू मदन शिल्पकार र केशव शिल्पकारकी ममतामयी माता **नातिमाया शिल्पकार**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा मृत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा धैर्यधारण गर्न सकून् भनी परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ओम बचत तथा सहयोग कोष**

| | |
|---|---|
| कृष्णराम दुवाल | सुरेन्द्र प्रजापति |
| महेश प्रजापति | विवेक शिल्पकार |
| लक्ष्मीप्रसाद दुवाल | उत्तम प्रजापति |
| हरिसुन्दर शिल्पकार | राजु गोसाई |
| पुरुषोत्तम प्रजापति | न्हुछेराम कोजु |



हार्दिक समवेदना



जन्म
१९९६/०८/२८

स्वर्गारोहण
२०८३/०५/१२

स्व. नातिमाया शिल्पकार

श्री बाराही अजिमा भेटघाट समूहका सदस्य केशव शिल्पकारका ममतामयी माता **नातिमाया शिल्पकार**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दछौं ।

**श्री बाराही अजिमा भेटघाट समूह**

| | | |
|---|---|---|
| रोशन प्रजापति | बद्रीप्रसाद अवाल | नारायणसुन्दर सुवाल |
| तुल्सी खर्बुजा | राजेन्द्र नायोभारी | गणेश रंजित |
| कबिन खर्बुजा | अर्जुन पक्कानेवार | भक्तसुन्दर अवाल |
| विकास सुवाल | कबीन्द्र त्वायना | श्रीजन अवाल |
| बाबुराजा ह्योम्बा | राधाकृष्ण सुवाल | |


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा